# गण्डकी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०७८/७९)




नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
२०७९ मंसिर

## प्राक्कथन

नेपाल राष्ट्र बैंकले विगत लामो समयदेखि आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश हुने **आर्थिक गतिविधि अध्ययन प्रतिवेदन** तर्जुमा गरी नियमित रुपमा प्रकाशन गर्दै आएको छ । गत आर्थिक वर्षदेखि प्रदेशस्थित कार्यालयहरुबाट समेत यस्तो प्रतिवेदन प्रकाशन हुन थालेको छ ।

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले तर्जुमा गरेको गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा प्रदेशका प्रमुख आर्थिक गतिविधि समावेश गरिएको छ । नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन २०७९) मा आधारित भई गण्डकी प्रदेशका ११ जिल्लाहरु (कास्की, तनहुँ, लमजुङ, गोरखा, म्याग्दी, बाग्लुङ, स्याङ्जा, पर्वत, नवलपरासी पूर्व, मनाङ र मुस्ताङ) मा सम्पन्न सर्वेक्षणका आधारमा प्रतिवेदन तर्जुमा गरिएको छ। प्रतिवेदनमा मूलतः कृषि, उद्योग र सेवा क्षेत्रको स्थिति तथा ती क्षेत्रहरुमा देखिएका विद्यमान समस्या/चुनौती र परिदृश्यका बारेमा समेत संक्षिप्त विश्लेषण गरिएको छ। यसका अतिरिक्त गण्डकी प्रदेशका राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाहरुको पछिल्लो प्रगति विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ।

प्रस्तुत प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको आर्थिक स्थितिमा सुधार आएको छ । यस अवधिमा कृषि उत्पादन २.२ प्रतिशतले वृद्धि भएको छ भने उद्योगको क्षमता उपयोग झण्डै ४४ प्रतिशत पुगेको छ । गत आर्थिक वर्षमा कृषि उत्पादन १.५ प्रतिशतले वृद्धि भएको थियो भने उद्योगको क्षमता उपयोग ४० प्रतिशत रहेको थियो । गण्डकी प्रदेशको सेवा क्षेत्रमा महत्वपूर्ण योगदान रहेको पर्यटन क्षेत्र गत आर्थिक वर्ष खुम्चिएकोमा समीक्षा अवधिमा उल्लेख्य विस्तार भएको छ । पछिल्लो समय कोरोना महामारीको समस्या समाधान हुँदै गएको र आन्तरिक तथा बाह्य पयर्टनमा सुधार आएकाले सेवा क्षेत्रमा तदनुरुपको सकारात्मक प्रभाव देखिन थालेको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन गण्डकी प्रदेश सरकार लगायत सरोकारवालाहरुलाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीहरु प्रति आभार व्यक्त गर्दछु। प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका उप-निर्देशक श्री प्रतिभा अधिकारी, सहायक निर्देशकत्रय श्री ज्ञाज शर्मा, श्री ओमप्रकाश पोखेल र श्री विजया गौतम, प्रधान सहायकद्वय श्री तारा पोखरेल शर्मा र श्री सुनिल भुजेल तथा सहायकद्वय श्री तिलबहादुर थापा र सूर्य प्रसाद पौडेललाई धन्यवाद ज्ञापन गर्दछु।

**डा. रामशरण खरेल**

**निर्देशक**

# विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| **आवरण पृष्ठ** | | | |
| **प्राक्कथन** | | | (क) |
| **तालिका सूची** | | | (घ) |
| **चार्ट सूची** | | | (ङ) |
| **कार्यकारी सारांश** | | | (च-छ) |
| **परिच्छेद-१** | **अध्ययन परिचय** | | **१-३** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | ३ |
| **परिच्छेद-२** | **प्रदेशको तुलनात्मक स्थिति** | | **४-९** |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ४ |
| | २.२ | अन्तरप्रदेश तुलना | ४ |
| | २.३ | गण्डकी प्रदेशको भूभाग र जनसंख्या | ६ |
| | २.४ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ७ |
| **परिच्छेद-३** | **कृषि क्षेत्र** | | **१०-२०** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | १० |
| | ३.२ | कृषि उत्पादन | १२ |
| | ३.३ | पशुपंछी तथा माछा उत्पादन | १४ |
| | ३.४ | वनजन्य उत्पादन | १६ |
| | ३.५ | सिंचाई तथा मौसम | १६ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | १६ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १७ |
| **परिच्छेद-४** | **उद्योग क्षेत्र** | | **२१-२४** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | २१ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | २२ |
| | ४.३ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २३ |
| **परिच्छेद-५** | **सेवा क्षेत्र** | | **२५-३२** |
| | ५.१ | पर्यटन | २५ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २५ |
| | ५.३ | वित्तीय सेवा | २६ |

| | | | |
|---|---|---|---|
| | ५.४ | यातायात तथा संचार | २८ |
| | ५.५ | सेवा क्षेत्र कर्जा | २९ |
| | ५.६ | सहकारी | ३० |
| | ५.७ | सेवा क्षेत्रका चुनौती र सम्भावना | ३१ |
| **परिच्छेद-६** | **पूर्वाधार र रोजगारी** | | **३३-३७** |
| | ६.१ | पूर्वाधार क्षेत्र | ३३ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३४ |
| | ६.३ | रोजगारी | ३५ |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३६ |
| **परिच्छेद-७** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | | **३८-४२** |
| | ७.१ | गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम | ३८ |
| | ७.२ | स्थानीय तहको बजेट तथा कार्यक्रम | ४१ |
| | ७.३ | व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम | ४१ |
| **परिच्छेद-८** | **आर्थिक परिदृश्य** | | **४३-४५** |
| | ८.१ | समग्र आर्थिक परिदृश्य | ४३ |
| | ८.२ | कृषि उत्पादन | ४३ |
| | ८.३ | औद्योगिक उत्पादन | ४४ |
| | ८.४ | सेवा क्षेत्र | ४५ |
| | ८.५ | पूर्वाधार क्षेत्र | ४५ |

# तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) | ५ |
| तालिका २.२: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत स्थिति (प्रतिशतमा) | ६ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | ११ |
| तालिका ३.२: कृषि बालीको उत्पादन (जिल्लागत) | १३ |
| तालिका ३.३: प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत) | १५ |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा | १७ |
| तालिका ४.१: औद्योगिक उत्पादन | २२ |
| तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा | २३ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | २६ |
| तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति | २६ |
| तालिका ५.३: वित्तीय उपकरण प्रयोगकर्ताको विवरण | २७ |
| तालिका ५.४: गण्डकी प्रदेशमा यातायात सेवा | २९ |
| तालिका ५.५: क्षेत्रगत सेवा कर्जा | २९ |
| तालिका ५.६: सहुलियतपूर्ण कर्जा | ३० |
| तालिका ५.७: सहकारी सेवा | ३० |
| तालिका ६.१: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण | ३६ |
| तालिका ७.१: गण्डकी प्रदेश सरकारको वित्त स्थिति | ३८ |
| तालिका ७.२: गण्डकी प्रदेश सरकारको वित्तीय हस्तान्तरण | ४१ |
| तालिका ७.३: कर्जाको सिमा र भुक्तानी अवधि | ४२ |
| तलिका ७.४: आ.व.२०७८/७९ असार मसान्तसम्मको क्षेत्रगत कर्जा प्रवाह | ४२ |

# चार्ट सूची

चार्ट २.१: आर्थिक वर्ष २०७८/७९ को प्रादेशिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ५
चार्ट ३.१: प्रमुख खाद्यान्न बालीहरुले ढाकेको क्षेत्रफल (हेक्टर हजारमा) १२
चार्ट ३.२: प्रमुख खाद्यान्न बालीहरुको उत्पादन (मे.टनमा) १३
चार्ट ३.३: सिँचाई क्षेत्रमा भएको विस्तार (लाख हेक्टरमा) १६
चार्ट ४.१: क्षमता उपयोग २१
चार्ट ५.१: निक्षेप र कर्जाको विवरण (रु. दश लाखमा) २७
चार्ट ७.१: गण्डकी प्रदेशको बजेट खर्चको अवस्था ३९
चार्ट ७.२: आर्थिक वर्ष २०७८/७९ मा राजस्व परिचालन ३९

# कार्यकारी सारांश

## समष्टिगत स्थिति

१. आर्थिक वर्ष २०७८/७९ मा आर्थिक स्थितिमा सुधार देखिएको छ । केन्द्रीय तथ्याङ्क विभागको पछिल्लो प्रकाशन अनुसार आर्थिक वर्ष २०७८/७९ मा नेपालको आर्थिक वृद्धिदर गत आर्थिक वर्षको ४.२ प्रतिशतको तुलनामा वृद्धि भई ५.८ प्रतिशत हुने अनुमान रहेको छ । गण्डकी प्रदेशको आर्थिक स्थितिमा पनि तद्नुरुप सकरात्मक प्रभाव देखिएको छ ।

२. आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन ६.२ प्रतिशतले वृद्धि भएको अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धिदर ३.७ प्रतिशत रहेको थियो । पछिल्लो समय कोरोना महामारीको समस्या समाधान हुँदै गएकाले आन्तरिक तथा बाह्य पयर्टनमा सुधार आई सेवा क्षेत्रको विस्तार उत्साहजनक देखिएको र कृषि तथा उद्योग क्षेत्रमा पनि सुधार आएकाले गण्डकी प्रदेशको समग्र आर्थिक स्थितिमा सुधार देखिएको हो ।

## कृषि क्षेत्र

३. आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशका ११ जिल्लाहरुमा फापर, दलहन, कोदो र आलुले ढाकेको क्षेत्रफलमा वृद्धि भएतापनि धान, मकै, जौ र गहुँ खेती गरिएको क्षेत्रफल घटेकाले समग्रतामा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल १.२ प्रतिशतले ह्रास आएको छ ।

४. तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल १३.९ प्रतिशतले र फलफूल तथा मसलाबालीले ढाकेको क्षेत्रफल २६.८ प्रतिशतले वृद्धि भएको छ । यसमध्ये स्याउ, केरा र अन्य खेती गरिएको क्षेत्रफल क्रमशः ८२.४ प्रतिशत, ७.९ प्रतिशत र १०१.७ प्रतिशतले वृद्धि भएको छ ।

५. समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन २.२ प्रतिशतले वृद्धि भएको छ । यसमध्ये जौ (१९.७), फापर (८.५ प्रतिशत), गहुँ (५.१ प्रतिशत), कोदो (४.० प्रतिशत), र धान (२.२ प्रतिशत) ले वृद्धि भएको छ ।

६. पशुजन्य उत्पादनतर्फ दुधको उत्पादन १९.१ प्रतिशत, अण्डाको उत्पादन १६.७ प्रतिशत, र मासुको उत्पादन १२.४ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादनतर्फ काठको उत्पादन ४९.६ प्रतिशतको उल्लेख्य वृद्धि भएको छ ।

७. २०७९ असार मसान्तमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले कृषि, वन र माछापालन क्षेत्रमा रु.२८ अर्ब २१ करोड कर्जा लगानी गरेका छन् । जुन यस प्रदेशमा प्रवाहित कुल कर्जाको ७.४ प्रतिशत रहेको छ ।

## उद्योग क्षेत्र

८. समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगहरुको औसत उत्पादन क्षमता उपयोग ४३.६ प्रतिशत रहेको छ । गत आर्थिक वर्षमा यस्तो अनुपात ४० प्रतिशत रहेको थियो ।

९. समीक्षा अवधिमा लिक्वीड, क्याप्सुल र प्रशोधित दुधको उत्पादनमा वृद्धि भएको छ भने बिस्कुट, चाउचाउ, इट्टा र चुरोटको उत्पादनमा ह्रास आएको छ ।

१०. २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको १०.६ प्रतिशत अर्थात् रु. ३७ अर्ब ४७ करोड कर्जा रकम औद्योगिक क्षेत्रतर्फ प्रवाह गरेका छन् ।

**सेवा क्षेत्र**

११. गण्डकी प्रदेशमा गत आर्थिक वर्षमा पर्यटकको आगमन ८२ प्रतिशतले खुम्चिएकोमा समीक्षा अवधिमा झण्डै ४६७ प्रतिशतले विस्तार भएकाले सेवा क्षेत्र विस्तार हुँदै गएको छ । पछिल्लो समय कोरोना महामारीको समस्या समाधान हुदै गएको र आन्तरिक तथा बाह्य पयर्टनमा व्यापक सुधार आएकाले सेवा क्षेत्रमा तदनुरुपको सकरात्मक प्रभाव देखिएको हो । शिक्षा, स्वास्थ्य, सहकारी र यातायात क्षेत्रको सेवा विस्तार पनि सोही अनुरुप हुँदै गएको छ ।

१२. २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन २०७८ असार मसान्तको तुलनामा ८.१ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ९८ अर्ब १२ करोड पुगेको छ । कुल कर्जा प्रवाह भने १४.२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५३ अर्ब ७१ करोड पुगेको छ ।

**पूर्वाधार र रोजगारी**

१३. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य करिव ९८.५ प्रतिशत सम्पन्न भएको छ । त्यसैगरी, मध्य-पहाडी लोकमार्गको गोरखा-लमजुङ खण्डको करिब १११ कि.मि. सडक निर्माणमध्ये ६० प्रतिशत र कास्की-पर्वत-बाग्लुङ खण्डको करिब २४५ कि.मि. मध्ये ८८ प्रतिशत कार्य सम्पन्न भएको छ ।

१४. २०७८/७९ मा यस प्रदेशका १ लाख ६ सय ८४ व्यवसायिक प्रतिष्ठानबाट ३ लाख ३२ हजार ४ सय ७२ व्यक्तिले रोजगारी पाएको देखिएको छ । त्यस्तैगरी प्रदेशका ८१ पालिकाहरुमा सञ्चालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कुल १४ हजार २ सय ७४ व्यक्तिले रोजगारी पाएका छन् ।

१५. चालु आर्थिक वर्ष (२०७९/८०) मा गण्डकी प्रदेशको आर्थिक क्रियाकलाप गत आर्थिक वर्षको तुलनामा थप विस्तार हुने प्रक्षेपण छ ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र बाह्य क्षेत्रसंग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । गत आर्थिक वर्षदेखि यस्तो प्रतिवेदन नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालयको अतिरिक्त सबै प्रदेशहरुबाट समेत प्रकाशन हुने गरेको छ ।

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट प्रकाशन हुने गण्डकी प्रदेशको प्रस्तुत आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा प्रदेशका सबै ११ जिल्लाहरु (कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व)) मा सम्पन्न सर्वेक्षणमा आधारित रहेको छ । प्रतिवेदन आर्थिक वर्ष २०७८/७९ को वार्षिक (२०७८ साउनदेखि २०७९ असारसम्म) विवरणमा अधारित रहेको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति यो प्रतिवेदमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवंम् चुनौतीहरु समेत समावेश गरिएको छ । यसका अतिरिक्त यो आर्थिक वर्षको स्थिति तथा आगामी आर्थिक वर्षमा गण्डकी प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको सम्भावित परिदृश्य समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) अनुसार यस प्रदेशका सबै जिल्लाहरुमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरुमा गरिएको स्थलगत सर्वेक्षणको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका अधिकांश तथ्याङ्क तथा सूचनाहरु प्रदेशमा रहेका ११ जिल्लाहरुका सम्बन्धित कार्यालयको स्थलगत भ्रमण गरी संकलन गरिएको छ । यसमा खागसरी कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयबाट संकलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी केही तथ्याङ्क संघीय कृषि तथा पशुपंछी विकास मन्त्रालयबाट समेत लिइएको छ । यी निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको

भू-क्षेत्र, कृषि उत्पादन, सिंचाई, पशुपंछी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १४ उद्योगहरुको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकमा पठाएको विवरण आर्थिक अनुसन्धान विभाग मार्फत प्राप्त गरिएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्व रकम नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत संकलन गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलहरुबाट स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाबाट समेत लिइएको छ । यातायाततर्फ, सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न कास्की जिल्लाका १० बचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित सरकारी कार्यालयहरुबाट लिइएको छ ।

## १.३ अध्ययनको सीमा

नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात तथ्याङ्क प्रदायक निकायहरुको पुनरसंरचना भएकाले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन ।

त्यसैगरी यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरुका केन्द्रीय कार्यालय अन्य प्रदेशहरुमा रहेकाले उत्पादन र रोजगारीका विवरणहरु अपेक्षित रुपमा उपलब्ध हुन सकेको छैन । कतिपय उद्योगहरुले तथ्याङ्क उपलब्ध गराउने कार्यलाई थप व्यवस्थित गर्नु पर्ने देखिएको छ ।

भौतिक निर्माण तर्फ, गाउँपालिकाहरुले निर्माण गरेका सडक, सिंचाई र खानेपानी आयोजनाहरुका जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन सकेको छैन । सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने निकाय एक भन्दा बढी भएको र प्रत्येक निकायहरुले उपलब्ध गराउने विवरणमा भिन्नता देखिने कारण छनौटमा परेको निकायहरुबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागद्वारा प्रकाशित आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) बमोजिम तयार पारिएको छ । यस प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ । अन्त्यमा, परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको आर्थिक वृद्धिको विश्लेषण सहित कुल गार्हस्थ उत्पादनमा प्रदेशगत विवरण समावेश गरिएको छ । त्यसैगरी, कुल गार्हस्थ उत्पादनको क्षेत्रगत स्थिति, जनसंख्या विवरण र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती पनि यो परिच्छेदमा विश्लेषण गरिएको छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

आर्थिक वर्ष २०७८/७९ मा नेपालको आर्थिक वृद्धि ५.८ प्रतिशत पुग्ने अनुमान रहेको छ । गत आर्थिक वर्ष नेपालको आर्थिक वृद्धि ४.२ प्रतिशत रहेको थियो । पछिल्लो समय कोभिड-१९ संक्रमण न्यून हुँदै गएकाले आर्थिक क्रियाकलाप क्रमशः विस्तार भई आर्थिक वृद्धिदर सकारात्मक हुन सकेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको आर्थिक वृद्धि ६.२ प्रतिशत पुग्ने अनुमान रहेको छ । गत आर्थिक वर्ष यस्तो वृद्धिदर ३.७ प्रतिशत रहेको थियो । सो विवरण अनुसार आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) रु.३ खर्ब ८० अर्ब रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा रु.४ खर्ब ३१ अर्ब रहने अनुमान छ ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहेको छ । गण्डकी प्रदेशमा यस्तो अंश क्रमशः २५.९ प्रतिशत, १८.४ प्रतिशत र ५५.६ प्रतिशत रहने अनुमान छ ।

## २.२ अन्तरप्रदेश तुलना

आर्थिक वर्ष २०७८/७९ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान (३६.९ प्रतिशत) बागमती प्रदेशको रहेको छ भने सबैभन्दा कम योगदान कर्णाली प्रदेशको (४.१ प्रतिशत) रहेको छ । गत आर्थिक वर्ष नेपालको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ८.९ प्रतिशत रहेकोमा यो वर्ष पनि सोही अनुपात कायम हुने देखिएको छ ।


**तालिका २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)**

(आ.व २०७८/७९)

| प्रदेश | कुल गार्हस्थ्य उत्पादन (रु. अर्बमा) | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको अंश | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) |
|---|---|---|---|
| प्रदेश १ | ७६३ | १५.७ | ५.४ |
| मधेश प्रदेश | ६४४ | १३.३ | ४.८ |
| बागमती प्रदेश | १७९१ | ३६.९ | ६.७ |
| गण्डकी | ४३१ | ८.९ | ६.२ |
| लुम्बिनीप्रदेश | ६८५ | १४.१ | ५.४ |
| कर्णाली प्रदेश | १९८ | ४.१ | ५.५ |
| सुदूरपश्चिम | ३३९ | ७.० | ४.९ |
| राष्ट्रिय | ४८५२ | १००.० | ५.८ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।*

आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) सबैभन्दा बढी अर्थात् ६.७ प्रतिशत र मधेश प्रदेशमा सबैभन्दा कम अर्थात् ४.८ प्रतिशत हुने अनुमान रहेको छ । यो वर्ष गण्डकी प्रदेशको आर्थिक वृद्धिदर ६.२ प्रतिशत हुने अनुमान रहेको छ । आर्थिक वृद्धिदरको आधारमा यस प्रदेश दोश्रो स्थानमा रहने देखिए तापनि देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको आधारमा पाचौं स्थानमा रहेको छ ।




*स्रोत : केन्द्रीय तथ्यांक विभाग ।*

**कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान :** आर्थिक वर्ष २०७८/७९ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान रहेको छ। जबकी गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २६ प्रतिशत, १८.४ प्रतिशत र ५५.६ प्रतिशत रहने अनुमान रहेको छ। यस प्रदेशमा कृषि र उद्योग क्षेत्रको योगदान राष्ट्रिय औसतभन्दा केही बढी र सेवा क्षेत्रको योगदान केही कम हुने देखिएता पनि राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन र यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना भने उस्तै रहेको छ।

**तालिका २.२: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत स्थिति (प्रतिशतमा)**

| विवरण | आ.व. २०७८/७९ को प्रारम्भिक अनुमान | | | आ.व. २०७७/७८ को संशोधित अनुमान | | |
|---|---|---|---|---|---|---|
| | कृषि | उद्योग | सेवा | कृषि | उद्योग | सेवा |
| प्रदेश १ | ३३.१ | १७.८ | ४९.१ | ३४.३ | १७ | ४८.७ |
| मधेश प्रदेश | ३४.३ | १२.१ | ५३.६ | ३५.६ | ११.८ | ५२.७ |
| बागमती प्रदेश | ११.१ | १२.२ | ७६.७ | ११.६ | ११.५ | ७६.९ |
| गण्डकी प्रदेश | २६ | १८.४ | ५५.६ | २६.९ | १७.७ | ५५.४ |
| लुम्बिनी प्रदेश | २९.४ | १६ | ५४.५ | ३०.५ | १५.६ | ५४ |
| कर्णाली प्रदेश | ३१.५ | ११.१ | ५७.४ | ३२.२ | १०.८ | ५७ |
| सुदुरपश्चिम प्रदेश | ३३.६ | १४.६ | ५१.८ | ३४.६ | १४.२ | ५१ |
| राष्ट्रिय | २३.९ | १४.२ | ६१.८ | २४.९ | १३.७ | ६१ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग।*

## २.३ गण्डकी प्रदेशको भूभाग र जनसंख्या

नेपालको मध्य भागमा अवस्थित यस प्रदेशले नेपालको कुल भू-भागको १४.७ प्रतिशत क्षेत्रफल (२१,९७४ वर्ग कि.मि.) ओगटेको छ। प्रदेशका ११ जिल्लाहरुमा १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाँउपालिका गरी ८५ स्थानीय तहमा ७५९ वडा रहेका छन्। तराइको समथर भु-भाग देखि माछापुच्छ्रे र धवलागिरी हिमाल लगायतका उच्च हिमश्रृङ्गखलाहरु समेत यस प्रदेशमा रहेकाले यहाँ विविध प्रकारका हावापानी पाइन्छन्।

वि.स.२०७८ मा भएको जनगणना अनुसार गण्डकी प्रदेशको कुल जनसंख्या २४,७९,७४५ रहेको छ। विगत दश वर्षमा गण्डकी प्रदेशको जनसंख्या ३.२ प्रतिशत र वार्षिक ०.३ प्रतिशतले वृद्धि भएको छ। मुलुकभरका ७७ जिल्लाहरुमध्ये गण्डकी प्रदेशको मनाङ र

मुस्ताङ जिल्लामा सबैभन्दा कम जनसंख्या रहेको छ । नेपालको कुल जनसंख्यामा यस प्रदेशको हिस्सा ८.५ प्रतिशत रहेको छ ।

गण्डकी प्रदेशमा मनाङ, स्याङ्जा, पर्वत, लमजुङ, गोरखा, बाग्लुङ र म्याग्दी गरी ७ जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक रहेको छ भने नवलपरासी पूर्व, कास्की, मुस्ताङ र तनहुँ गरी ४ जिल्लाको वार्षिक जनसंख्या वृद्धि धनात्मक रहेको छ । खासगरी, दुर्गमबाट सुगमतर्फ बसाइ-सराई हुने प्रवृत्ति बढेकाले केही पहाडी र हिमाली जिल्लाको जनसंख्या कम हुँदै गएको हो ।

यस प्रदेशमा कुल घर परिवार संख्या ६ लाख ७८ हजार १७६ रहेको छ । गण्डकी प्रदेशमा २०६८ सालमा परिवार संख्या औसत ४.२ व्यक्ति रहेकोमा २०७८ को जनगणना अनुसार यो अनुपात घटी औसत ३.७ व्यक्तिमा झरेको छ । प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्या झण्डै ५७ प्रतिशत[1] रहेको छ ।

## २.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### प्रादेशिक क्षमता र सम्भावना

- विश्वका थोरै आकर्षक पर्यटकीय स्थलहरुमध्ये गण्डकी प्रदेशको पोखरा, धवलागिरी र अन्नपूर्ण क्षेत्र रहेकाले यस क्षेत्रमा आवश्यक पर्यटकीय पूर्वाधारको विकास, प्रचार प्रसारमा अग्रसरता र सेवा गुणस्तरमा सुधार गर्न सकिएमा प्रदेशको पहिचान र समृद्धिको महत्वपूर्ण आधार पर्यटन हुने देखिएको छ । हाल कोरोना महामारी कम हुँदै गएकाले विगतमा स्थगित गरिएको भिजिट नेपाल २०२० लाई पोखरा र अन्नपूर्ण क्षेत्र लक्षित गरी आयोजना गर्न सकिएमा यो क्षेत्रको पर्यटन विकासमा थप टेवा पुग्ने देखिएको छ ।

- यस प्रदेशका अद्वितीय पर्यटकीय क्षेत्रहरु जस्तैः फेवातालबाट देखिने माछापुच्छ्रेको मनोरम दृश्य, सराङकोटबाट देखिने सूर्योदय र सूर्यास्त, कास्की र मनाङका तालतलैया, दक्षिण एसियाकै नमुना घलेगाँउ, नेपालकै पहिलो ग्रामीण होम-स्टे सिरुबारी लगायत यो क्षेत्रमा पर्यटन विकासमा महत्वपूर्ण आधारशिला स्थापित भइसकेको छ । त्यसैगरी, मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, फेवातालको बीचमा रहेको ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका लगायतको धार्मिक पर्यटकीय स्थलहरुको थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिएको छ । यो प्रदेशमा विकास हुँदै गएको साहसिक पर्यटन तथा प्याराग्लाइडिङ, बन्जि जम्प, क्यानोयिङ, जिपलाइन र स्वीङको विकासले पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको छ ।

- पर्यटन पूर्वाधारतर्फ अन्नपूर्ण, धौलागिरी र मनास्लु ट्रेकमा सुधार, नेपाल-चीन जोड्ने कालीगण्डकी करिडोर हुँदै कोरलासम्मको सडक स्तरोन्नतिको कार्य, आन्तरिक हवाइ उडानहरु जस्तै पोखरासँग मुस्ताङको जोमसोम र मनाङको हुम्डे लगायत तराइका

[1] प्रथम पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, २०७७ बैशाख

सिमरा, भैरहवा, नेपालगञ्ज जोडिनु र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनबाट पर्यटन लगायत यस क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिएको छ ।

- कृषि तर्फ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन मार्फत मासु तथा दुग्धजन्य पदार्थ, सुन्तला, तरकारी, स्याउ, कफी जस्ता उच्च मूल्य पर्ने कृषि उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सक्ने सम्भावना बढेको छ ।
- पर्यटनमा अग्रणी स्थानमा रहेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रको आबद्धता (Agro-Service Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषि उत्पादन आपूर्ति, कृषि ऋणमा सरलीकरण, कृषि बीमा र नयाँ प्रविधिहरुको उपयोगमा प्रोत्साहन र कृषि पर्यटनको विकासमा जोड दिन सकिएमा यस प्रदेशमा आय आर्जन र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुग्ने देखिएको छ ।
- गण्डकी प्रदेशमा खाद्यान्न, तरकारी तथा फलफूल, पशुपंछी, माछापालन लगायतको कृषि व्यवसायको प्रचुर सम्भावना छ । पछिल्लो समयमा व्यवसायिक रुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकहरुको आकर्षण बढ्दै गइरहेको छ । उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (पूर्व) को तराई र मध्यभागका टारहरुमा तरकारी तथा अन्नबाली र औद्योगिक गतिविधि विस्तार हुँदै गएको छ । यसको विस्तारमा थप विकास गर्न सकिएमा यस प्रदेशको आर्थिक विकासमा थप योगदान पुग्ने सम्भावना रहेको छ ।
- निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, कालीगण्डकी कोरिडोर तथा मध्य-पहाडी लोकमार्ग लगायतका परियोजनाहरुको निर्माण कार्य सम्पन्न भएपश्चात् यस प्रदेशको पर्यटन, यातायात र कृषि क्षेत्रको थप विकास भई आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हासिल हुने सम्भावना रहेको छ ।
- गण्डकी प्रदेशमा आर्थिक रुपले १२,९३० मेगावाट जलविद्युत उत्पादन गर्न सक्ने सम्भावना रहेतापनि हालसम्म ५९३ मेगावाट मात्र जलविद्युत उत्पादन भएकाले थप जलविद्युत उत्पादन गर्न सक्ने प्रचुर सम्भावना रहेको छ ।
- यस प्रदेशको उच्च हिमाली तथा पहाडी जिल्लाहरुमा सौर्य र वायु उर्जा उत्पादनको पनि उत्तिकै सम्भावना रहेको छ । उर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत, सौर्य र वायु उर्जा आयोजना विकास गरी विद्युत उत्पादन उल्लेख्य मात्रामा बढाउन सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा विदेशबाट फर्किएका युवाहरुको सीप, ज्ञान, पूँजी तथा उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षण बढ्दै गएकोले कृषि क्षेत्रमा थप उत्पादकत्व र उत्पादन बढ्ने सम्भावना रहेको छ ।

**प्रादेशिक चुनौती**

- गण्डकी प्रदेशका केही उच्च हिमाली जिल्ला तथा मध्य पहाडी जिल्लाहरुबाट बसाइ/सराई हुने क्रममा तिव्रता आएकाले ती क्षेत्रहरुमा जनसंख्या संकुचन हुँदै गएको छ । यसरी जनसंख्या कम हुदै गएको सन्दर्भमा उर्वरभूमी बाँझो रहने समस्या समाधान गर्दै प्रचुर सम्भावना रहेको कृषि, औषधी, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ठ (Backward-Forward Linkage) सम्बन्ध स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जना गर्नु चुनौतीपूर्ण छ ।

- कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ । विगत लामो समयदेखि चर्चामा रहेको भूमी बैंक र जग्गा भाडामा लिने/दिने आवधारणा कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न विभिन्न प्रकारका अनुदानको व्यवस्था रहेतापनि कृषि अनुदान प्रभावकारी देखिएको छैन । तसर्थ, विद्यमान कृषि अनुदान व्यवस्थाको पुनरावलोकन गर्दै उत्पादन तथा प्रतिफलमा आधारित कृषि अनुदान प्रणालीको शुरुवात गर्नु चुनौतीपूर्ण छ ।

- पर्यटन पूर्वाधार र जलविद्युत लगायतका आयोजनाहरु समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीका रुपमा रहेको छन् । यसका अतिरिक्त जलविद्युत आयोजनाहरुमा जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, परियोजना निर्माणका लागि वनका रुख कटान लगायतका पुराना समस्या अझै विद्यमान रहेकाले निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ । अर्कोतर्फ औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माण गरी लगानी अभिवृद्धि गर्ने कार्य पनि चुनौतीपूर्ण छ ।

# परिच्छेद ३

# कृषि क्षेत्र

गण्डकी प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेको छ भने कुल घरपरिवारमध्ये ८६ प्रतिशतको[२] आम्दानीको मुख्य श्रोत कृषि रहेको छ। गण्डकी प्रदेशमा कृषि पेशा सर्वाधिक महत्वको रुपमा रहेको सन्दर्भमा यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको जिल्लागत र कृषि उपजगत भू-क्षेत्रको विवरण उल्लेख गर्दै जिल्लागत कृषि उत्पादनको स्थिति, सिचाई अवस्था; कृषि कर्जा एवम कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरुको संक्षिप्त विश्लेषण गरिएको छ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

पछिल्ला वर्षहरुमा गण्डकी प्रदेशमा कृषि भुभागको क्षेत्रफल निरन्तर घट्दै गएको छ। उच्च हिमाली र पहाडी भेगबाट शहरी क्षेत्रमा बसाई-सराईको निरन्तरता र वैदेशिक रोजगारीको प्रभावले कृषि कार्यमा प्राथमिकता कम हुँदै गएकाले खेतियोग्य जग्गा-जमिन बाँझो रहने कारण कृषि भूमिको क्षेत्रफल घट्दै गएको देखिएको छ । सो अनुसार आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव १.२ प्रतिशतले ह्रास आई ४ लाख ९७ हजार ६६० हेक्टर भएको छ । अघिल्लो वर्ष पनि यस्तो क्षेत्रफल ०.६ प्रतिशतले घटेको थियो। यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ९० प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ५ प्रतिशत तरकारी तथा बागवानी र ५ प्रतिशत फलफूल तथा मसला लगाइएको क्षेत्रफल रहेको छ। (तालिका ३.१)।

### (क) खाद्य तथा अन्य बाली

आ.व. २०७८/७९ मा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ३.१ प्रतिशतले ह्रास आई ४ लाख ४८ हजार ७१२ हेक्टर पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.० प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा फापर, दलहन, तेलहन, कोदो र आलुले ढाकेको क्षेत्रफलमा क्रमशः २४ प्रतिशत, ६ प्रतिशत, ४ प्रतिशत, १.८ र १.७ प्रतिशतले वृद्धि भएको छ भने धान, मकै, जौ र गहुँको क्षेत्रफलमा क्रमशः ६.८ प्रतिशत, ५.९ प्रतिशत, १.७ प्रतिशत, ०.६ प्रतिशतले ह्रास आएको छ। खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ३४ प्रतिशत भु-भागमा मकै र २५ प्रतिशतमा धान खेती रहेको छ।

### (ख) तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा १३.९ प्रतिशतले वृद्धि भई २४ हजार २ हेक्टर पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा २.५ प्रतिशतले वृद्धि भएको थियो।

---

[२] प्रथम पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, २०७७ बैशाख

### (ग) फलफूल तथा मसलाजन्य बाली

समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल २६.८ प्रतिशतले वृद्धि भएको छ । फलफूलमध्ये अन्य फलफूल खेती गरिएको क्षेत्रफल १०१.७ प्रतिशत, स्याउ खेती गरिएको क्षेत्रफल ८२.४ प्रतिशत र केरा खेती गरिएको क्षेत्रफल ७.९ प्रतिशतले वृद्धि भएको छ । मसलाजन्य बाली लगाइएको क्षेत्रफल ३९.८ प्रतिशतले वृद्धि भएको छ । मनाङ र मुस्ताङ जिल्लामा उत्पादित स्याउको माग बढ्नुका साथै यातायातको सुविधा समेत पुगेको हुनाले स्याउ खेती प्रति कृषकहरु आकर्षित हुँदै गएका कारण यसको खेतीको क्षेत्रफल बढेको हो ।

**तालिका : ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)**


| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| कास्की | ६२,९०३.८ | ५,३७०.० | ३,३१८.५ | १४.० | २२.४ | १३.३ |
| स्याङ्जा | ७०,५७४.५ | २,६७४.० | २,९९८.० | १५.७ | ११.१ | १२.० |
| तनहुँ | ४९,६१६.३ | ३,८८२.० | ३,३३३.० | ११.१ | १६.२ | १३.४ |
| गोरखा | ५४,६५७.६ | १,७००.० | २,०६७.० | १२.२ | ७.१ | ८.३ |
| लमजुङ | ४६,९३३.० | ३,४०४.० | २,७१५.० | १०.५ | १४.२ | १०.९ |
| मनाङ | १,५४५.० | १९०.० | १,६४४.५ | ०.३ | ०.८ | ६.६ |
| मुस्ताङ | १,०९१.० | १९०.० | १,५२४.० | ०.२ | ०.८ | ६.१ |
| पर्वत | ३६,६९२.० | १,०००.० | १,३९७.० | ८.२ | ४.२ | ५.६ |
| बाग्लुङ | ५७,६६८.२ | २,८०८.० | १,९१९.० | १२.९ | ११.७ | ७.७ |
| म्याग्दी | २२,३६८.८ | १,१३०.० | १,८७९.० | ५.० | ४.७ | ७.५ |
| नवलपरासी (पूर्व) | ४४,६६२.१ | १,६५३.७ | २,१५१.० | १०.० | ६.९ | ८.६ |
| **जम्मा** | ४४८,७१२.३ | २४,००१.७ | २४,९४६.० | १००.० | १००.० | १००.० |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु ।*

**जिल्लागत विवरण** : कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको ११ जिल्लाहरुमध्ये ६ जिल्लाहरुको प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ७६ प्रतिशत रहेको छ । हिमाली जिल्ला मनाङ र मुस्ताङमा यस्तो भूभाग अन्य जिल्लाहरुको तुलनामा नगन्य रहेको छ ।

तरकारी तथा बागवानी खेती भएको कुल क्षेत्रफल मध्ये करिब ६४ प्रतिशत कास्की, तनहुँ, लमजुङ र स्याङ्जा जिल्लामा मात्रै रहेको छ भने फलफुल तथा मसला खेतीमा पनि सोही जिल्लाहरुको बाहुल्यता रहेको देखिन्छ (तालिका ३.२)।

**चार्ट ३.१ : प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल (हेक्टर हजारमा)**




*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु ।*

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७८/७९ मा प्रमुख कृषि बालीहरुको उत्पादनमा ९.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो उत्पादन २.५ प्रतिशतले ह्रास आएको थियो । कृषि उपजले ढाकेको क्षेत्रफल ३.१ प्रतिशतले ह्रास आएको भएतापनि उपयुक्त मौसम तथा पर्याप्त वर्षाका कारण कृषि उत्पादनमा ९.३ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

### (क) खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनमा २.२ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा प्रमुख बालीहरु जौं, फापर, गहुँ, कोदो, मकै, र धानको उत्पादनमा वृद्धि भएको छ । उक्त बालीहरुको उत्पादनमा क्रमशः १९.७ प्रतिशत, ८.५ प्रतिशत, ५.१ प्रतिशत, ४.० प्रतिशत, २.३ प्रतिशत र २.२ प्रतिशतले वृद्धि भएको छ । त्यस्तैगरी तेलहन, भटमास र दलहनको उत्पादन पनि क्रमशः २३.६, प्रतिशत, १८ प्रतिशत र ८ प्रतिशतले बढेको छ । गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको कुल उत्पादन मध्ये मकैको अंश २४.५ प्रतिशत, धानको अंश २१.४ प्रतिशत र आलु उत्पादनको अंश १५.८ प्रतिशत रहेको छ ।

**तालिका: ३.२ कृषि बालीको उत्पादन (जिल्लागत)**


| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| कास्की | १८३,४१०.७ | ७५५४०.० | २२,९१६.७ | १२.८ | २४.३ | १४.४ |
| स्याङ्जा | २१२,४६५.५ | ३५१४३.० | २६,५८१.६ | १४.९ | ११.३ | १६.७ |
| तनहुँ | १६२,७३४.८ | ४२७०७.० | २३,७७०.० | ११.४ | १३.८ | १४.९ |
| गोरखा | १५१,२९३.२ | २३८००.० | २०,६७३.० | १०.६ | ७.७ | १३.० |
| लमजुङ | १२९,८१७.० | ३५८८१.० | ८,३७८.० | ९.१ | ११.६ | ५.३ |
| मनाङ | ९,७९०.० | २१६५.० | ३,०४०.३ | ०.७ | ०.७ | १.९ |
| मुस्ताङ | ११,२७९.७ | १४९६.० | ५,७३७.० | ०.८ | ०.५ | ३.६ |
| पर्वत | ११०,३३५.० | १६७००.० | ६,०१२.० | ७.७ | ५.४ | ३.८ |
| बाग्लुङ | १८०,४६०.३ | ४१३४९.० | ११,०९८.३ | १२.६ | १३.३ | ७.० |
| म्याग्दी | ८३,९४६.६ | १३४४४.० | ५,२९४.० | ५.९ | ४.३ | ३.३ |
| नवलपरासी (पूर्व) | १९२,००९.१ | २२०४६.५ | २५,८७३.० | १३.५ | ७.१ | १६.२ |
| **जम्मा** | १,४२७,५४१.९ | ३१०,२७१.५ | १५९,३७३.९ | १००.० | १००.० | १००.० |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु ।*

## (ख) तरकारी तथा बागवानी

आर्थिक वर्ष २०७७/७८ मा तरकारी तथा बागवानीको उत्पादन १९.५ प्रतिशतले ऋणात्मक रहेकोमा समीक्षा वर्षमा यस्तो उत्पादन ५५.४ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा तरकारी खेती गरिएको क्षेत्रफलमा १३.९ प्रतिशतले बढोत्तरी भएकाले उत्पादनको वृद्धिदर समेत बढेको हो ।

चार्ट ३.२: प्रमुख कृषि बालीहरुको उत्पादन (मेट्रिक टनमा)




*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु ।*

### (ग) फलफूल तथा मसलाजन्य बाली

आर्थिक वर्ष २०७८/७९ मा फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा १४.६ प्रतिशतले वृद्धि भएको छ । यसमध्ये आँप र केराको उत्पादन २०.४ प्रतिशत र १३.५ प्रतिशत बढेको छ भने स्याउ र सुन्तलाको उत्पादनमा भने १४.४ प्रतिशत र ८ प्रतिशतले कमी आएको छ । मुस्ताङ जिल्लामा स्याउ विशेष कार्यक्रम सञ्चालनमा आई पुरानो बगैचामा रहेका बिरुवालाई नयाँ बेर्नाले प्रतिस्थापन गरी बगैंचा व्यवस्थापन गरिएकाले समीक्षा अवधिमा उत्पादनमा कमी आएको हो ।

नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा आँप उत्पादनको लागि अनुकुल मौसम रहेको तथा उक्त जिल्लामा आँप खेतीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएकाले आँपको उत्पादनमा २४.३ प्रतिशतले वृद्धि भएको छ ।

**बक्स १ः भ्राताङ स्याउ फार्म (Bhratang Apple Farm)**

मनाङ्गमा सन् २०१४ देखि व्यवसायिक रुपमा सञ्चालन गरिएको भ्राताङ स्याउ फार्म नेपालको केही ठूला स्याउ फार्ममध्ये एक रहेको छ । करिब ७३५ रोपनी क्षेत्रफलमा फैलिएको यो स्याउ फार्ममा इटालीबाट ल्याइएका उन्नत जातका करिब ७० हजार फूजी, गाला र गोल्डेन स्याउका प्रजाति रहेका छन् । औसत ६० जनाले प्रत्यक्ष रोजगारी पाईरहेको यस फार्मवाट वार्षिक करिब ४० हजार टन स्याउ उत्पादन हुने गरेको छ । कुल उत्पादित स्याउमध्ये करिब ५० प्रतिशत फार्मबाटै बिक्री हुने गरेको छ भने बाँकी अन्य शहरमा ढुवानी हुने गरेको छ ।

उक्त फार्मले स्याउ खेति गर्ने कृषकहरुलाई तालिम दिनुका साथै सहुलियत मूल्यमा स्याउका बिरुवा बिक्री गर्ने, Agro Based Hotel संचालन गर्ने र पर्यटकहरुका लागि Rock Climbing समेत सञ्चालनमा ल्याई मनाङ्गमा व्यवसायिक स्याउ खेतिको अतिरिक्त पर्यटन प्रवर्द्धनमा समेत सघाउ पुऱ्याएको छ ।





पर्वत म्याग्दी, तथा बागलुङमा केरा खेतीको नयाँ पकेट क्षेत्र स्थापना भएकाले केराको उत्पादनमा वृद्धि भएको छ ।

## ३.३ पशुपंछी तथा माछा उत्पादन

### (क) प्रमुख पशुपंछी तथा माछा

आर्थिक वर्ष २०७८/७९ मा दुध, अण्डा र मासुको उत्पादन क्रमशः १९ प्रतिशत, १७ प्रतिशत र १२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सोही अवधिमा दुध, अण्डा र मासु

उत्पादन क्रमशः १७.५ प्रतिशत, २८.६ प्रतिशत र ५.१ प्रतिशतले वृद्धि भएको थियो । बजारमा दुध, अण्डा र मासुको बढ्दो मागका कारण नयाँ फार्महरुको स्थापना हुनु र व्यवसायीक रुपमा पशुपंछी पालन गर्ने प्रवृत्तिका कारण दुध, अण्डा र मासुको उत्पादनमा वृद्धि भएको हो । समीक्षा अवधीमा माछाको उत्पादनमा ७ प्रतिशतले वृद्धि भएको छ । पछिल्लो समय कास्कीमा माछाको मागमा उच्च वृद्धि भएका कारण यसतर्फ व्यवसायीहरु आकर्षित भएको देखिन्छ ।

### जिल्लागत स्थिति

दुध उत्पादनमा नवलपरासी (पूर्व), कास्की, स्याङ्जा र तनहुँ जिल्लाको हिस्सा ७३.८ प्रतिशत रहेको छ भने मासु उत्पादनमा उक्त जिल्लाहरुको योगदान ७२.५ प्रतिशत रहेको छ । त्यस्तै यस अवधिमा गण्डकी प्रदेशको कुल अण्डा उत्पादनको ६२.५ प्रतिशत स्याङ्जा, कास्की र नवलपरासी (पूर्व) जिल्लामा मात्रै उत्पादन भएको छ । स्याङ्जा जिल्लामा रहेको खिलुङ कालिका एग्रो प्रा.लि.मा बढी अण्डा उत्पादन हुने भएकाले उक्त जिल्लामा अण्डा उत्पादन तुलनात्मक रुपमा उच्च देखिएको हो (तालिका ३.३) । भौगोलिक विकटता र अवस्थितिका कारण मनाङ र मुस्ताङ जिल्लामा पशुपंछीको उत्पादन नगन्य रहेको छ ।

**तालिका : ३.३ प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत)**

| जिल्ला | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध हजार लिटर | मासु मेट्रिक टन | अण्डा हजार गोटा | माछापालन मेट्रिक टन | दुध | मासु | अण्डा | माछापालन |
| कास्की | ५४,८१७.८ | २६,०१८.० | ६१,३४५.० | १८९.३ | १६.० | ३८.७ | २०.८ | १२.४ |
| स्याङ्जा | ५२,६७५.० | ५,४९५.५ | ६५,२३१.० | ६५.० | १५.३ | ८.२ | २२.१ | ४.२ |
| तनहुँ | ३८,८३८.० | ४,७२२.९ | २७,०६०.८ | ९४.० | ११.३ | ७.० | ९.२ | ६.१ |
| गोरखा | २७,२८३.० | ६,७४९.० | ५७,९४३.० | १२७.० | ७.९ | १०.० | १९.६ | ८.३ |
| लमजुङ | १६,१४३.० | ३,१९२.० | १७,०१६.० | ४७.८ | ४.७ | ४.८ | ५.८ | ३.१ |
| मनाङ | २५६.३ | ३९.१ | – | – | ०.१ | ०.१ | – | – |
| मुस्ताङ | १,१६१.० | ३९४.८ | १,५८१.० | ०.५ | ०.३ | ०.६ | ०.५ | ०.० |
| पर्वत | १४,६८६.१ | २,१५८.१ | ९,१६०.५ | २४.५ | ४.३ | ३.२ | ३.१ | १.६ |
| बाग्लुङ | २४,८३७.० | ४,०६१.९ | ११,४९८.४ | २२.४ | ७.२ | ६.० | ३.९ | १.५ |
| म्याग्दी | ५,६८२.५ | १,८७६.३ | ४,४५३.० | २८.८ | १.७ | २.८ | १.५ | १.९ |
| नवलपरासी (पूर्व) | १०७,१९०.० | १२,४९०.० | ३९,८२६.० | ९३३.० | ३१.२ | १८.६ | १३.५ | ६०.९ |
| **जम्मा** | ३४३,५६९.७ | ६७,१९७.५ | २९५,११४.७ | १,५३२.३ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत : पशुपंछी तथा मत्स्य निर्देशनालय, गण्डकी प्रदेश ।*

## ३.४ वनजन्य उत्पादन


आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशको वनजन्य उत्पादनमा काठको उत्पादन ४९.६ प्रतिशत र दाउराको उत्पादन ५८.६ प्रतिशतले वृद्धि भएको छ भने औषधिजन्य वस्तुको उत्पादनमा ७६.४ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्षको सोहि अवधिमा काठ, दाउरा र औषधिजन्य वस्तुको उत्पादन २९.८ प्रतिशत, १४ प्रतिशत र १०.३ प्रतिशतले घटेको थियो ।

कोभिड-१९ को संक्रमण न्यून हुँदै गएको तथा निजी नम्बरी आवादीमा समेत वनजन्य प्रजातीका रुखहरुको संख्यामा वृद्धि भएका कारणले काठ तथा दाउराको उत्पादन बढेको हो ।

## ३.५ सिँचाई तथा मौसम

आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा १.७ प्रतिशतले वृद्धि भई १ लाख ७२ हजार ८८६ हेक्टर पुगेको छ । जसमध्ये पोखरीबाट सिञ्चित क्षेत्रफलमा ६.६ प्रतिशत, नहरबाट सिञ्चित क्षेत्रफलमा ०.७ प्रतिशत र कुलोबाट सिञ्चित क्षेत्रफलमा २.९ प्रतिशतले वृद्धि भएको छ भने थोपाबाट सिञ्चित क्षेत्रफलमा २१.१ प्रतिशतले कमी आएको छ ।

**चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (लाख हेक्टरमा)**




*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## ३.६ क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जा २०७८ असार मसान्तको तुलनामा ७.० प्रतिशतले वृद्धि भई रु.२८ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ५७.१ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जामा कृषि कर्जाको अंश ७.८ प्रतिशत रहेको छ । प्रदेशको कुल कृषि कर्जाको ५०

प्रतिशत भन्दा बढी रकम कास्की र नवलपरासी (पूर्व) जिल्लामा मात्रै सिमित भएको देखिन्छ (तालिका ३.४) ।

**तालिका ३.४: जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| कास्की | १०,९४६ | ३८.८ |
| स्याङ्जा | १,७९९ | ६.४ |
| तनहुँ | ३,५६८ | १२.७ |
| गोरखा | १,४३३ | ५.१ |
| लमजुङ | १,७०८ | ६.१ |
| मनाङ | १२३ | ०.५ |
| मुस्ताङ | २९३ | १.० |
| पर्वत | १,००५ | ३.६ |
| बाग्लुङ | १,१११ | ३.९ |
| म्याग्दी | ७१४ | २.५ |
| नवलपरासी (पूर्व) | ५,५१६ | १९.५५ |
| जम्मा | **२८,२१६** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरु

- गण्डकी प्रदेशको कुल खेतीयोग्य जमीनको ४७.८ प्रतिशत भू-भागमा मात्र सिँचाई सुविधा पुगेकाले पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नु चुनौतीपूर्ण रहेको छ ।
- गण्डकी प्रदेशका स्याङ्जा, पर्वत लगायत अधिकांश जिल्लामा खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति बढेको पाइएकाले त्यस्ता जग्गा उपयोगमा ल्याई कृषि उत्पादन बढाउन चुनौती रहेको छ । यसका लागि जग्गा/जमिन भाडामा लिई कृषि व्यवसाय गर्न प्रोत्साहित गर्न भूमी बैंकको अवधारणा लागु गर्नु आवश्यक देखिएको छ । यस प्रदेशका स्याङ्जा, बाग्लुङ, पर्वत, गोरखा आदि जिल्लाहरुमा बाँदरले बाली नष्ट गर्ने तथा क्षति पुऱ्याउने गरेकाले पनि जग्गा जमिन बाँझो राख्ने प्रवृत्ति बढेको छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत गण्डकी प्रदेशको स्याङजा, पर्वत, गोरखा लगायतका जिल्लामा सञ्चालनमा रहेका कृषि पकेट, ब्लक, जोन र सुपर जोन कार्यक्रमहरुबाट खर्चको तुलनामा अपेक्षित प्रतिफल प्राप्त गर्नु चुनौती रहेको छ ।

- यस प्रदेशमा उत्पादनको सम्भावना राम्रो भएको स्याऊ, सुन्तला, कफी लगायतका कृषि उत्पादनमा न्यूनतम आधार मूल्य कायम गरी विचौलियाहरुको उपस्थिति कम गर्नु र कृषकलाई उचित प्रतिफल पाउने व्यवस्था सुनिश्चित गर्नु आवश्यक छ ।
- खेतीयोग्य, समथर र उर्वर भूमि घडेरी तथा आवासीय प्रयोजनका लागि खण्डीकृत गर्ने प्रवृत्ति बढ्दै गएकाले खेतीयोग्य उर्वर जमिन जोगाउन पनि चुनौती रहेको छ ।
- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरी यस क्षेत्रलाई व्यवसायिकरण गर्न विद्यमान अनुदान व्यवस्थालाई पुनरावलोकन गरी उत्पादन तथा प्रतिफलमा आधारित अनुदान प्रणाली लागु गर्नु आवश्यक देखिएको छ ।
- कृषि-बीमा कार्यमा मूल्याङ्कन तथा क्षतिपूर्ति यकिन गर्ने प्रक्रिया लामो तथा झन्झटिलो हुने गरेकाले कृषि जोखिम न्यूनिकरण अझै चुनौतिको रुपमा रहेको छ ।
- जलवायु परिवर्तनका कारण कृषि प्रणालीमा आउनसक्ने समस्या बाढी, पहिरो, असिना, हावाहुरी जस्ता प्राकृतिक प्रकोपले बर्षेनी कृषि तथा पशुपंछी तर्फ पर्न जाने ठूलो क्षति न्यूनीकरण गर्न चुनौती रहेको छ ।
- बालीनालीमा देखिने नयाँ किसिमका रोग कीरा तथा पशुपंछी मा लाग्ने जुनोटिक, लम्पी स्किन डिजिज एवम् महामारीजन्य रोगहरुको प्रकोप न्यूनीकरण गर्न चुनौती रहेको छ ।
- संघीय, प्रादेशिक तथा स्थानीय तहका कार्यालयहरुबीच समन्वयको कमी भएको हुँदा कृषि अनुदान, सहुलियत र तालिम जस्ता कार्यक्रमहरु दोहोरिने, अनुगमन मूल्याङ्कनमा सहजता नहुने, एउटै उद्यमी कृषक वा एकै वर्ग वा समुदायले सम्पूर्ण सुविधा उपभोग गर्ने, पाएको सुविधा दुरुपयोग गर्ने जस्ता समस्या रहेको छ ।
- कृषि तथा पशुसंग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक श्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणाली मार्फत तथ्याङ्क संकलन गर्न चुनौती रहेको छ ।
- पशुपंछी अन्तर्गत कुखुरा र माछाको बीमा गराउन असहजता देखिएकाले त्यस्ता व्यवसायको बिमालाई प्रोत्साहान गर्न चुनौती रहेको छ ।

**सम्भावनाहरु**

- जग्गा/जमिन भाडामा लिई कृषि र उद्योग व्यवसाय गर्न प्रोत्साहन गर्न भूमी बैंकको अवधारणा शिघ्र कार्यान्वयन भएमा यस क्षेत्रको स्याङ्जा, गोरखा, पर्वत लगायतका जिल्लामा रहेका बाँझो जमिन उपयोगमा आई समग्र प्रदेशको कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।

- गण्डकी प्रदेशमा उत्पादनको सम्भावना राम्रो भएको स्याऊ, सुन्तला, कफि जस्ता कृषि उत्पादनमा न्यूनतम आधार मूल्य कायम गर्ने साथै आवश्यकता अनुसार कलेक्सन सेन्टर तथा कृषि बजार स्थापना भएमा उत्पादित बस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने सम्भावना रहेको छ ।
- परियोजना धितोको आधारमा कृषि ऋण प्रोत्साहित गर्न लिज कानून तर्जुमा गरी कार्यान्वयन गरिएमा यस क्षेत्रको कृषि कर्जा तथा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत गण्डकी प्रदेशको स्याङ्जा, पर्वत, गोरखा लगायतका जिल्लामा सञ्चालनमा रहेका कृषि पकेट, ब्लक, जोन र सुपर जोन कार्यक्रमहरुबाट अपेक्षित प्रतिफल प्राप्त हुने व्यवस्था गरी कृषकलाई यसतर्फ आकर्षित गर्न सकिने सम्भावना रहेको छ ।
- कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक श्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणाली मार्फत तथ्याङ्क संकलन गर्न सकिएमा वास्तविक तथ्याङ्क प्राप्त भई यस प्रदेशको कृषि क्षेत्रको नीति निर्माणमा थप टेवा पुग्ने सम्भावना रहेको छ ।
- गण्डकी प्रदेशमा विभिन्न कृषि उत्पादनको सम्भावना भएका चेपेटार, हाँडीटार, राइनसटार तथा अन्य टारहरुमा लिफ्ट सिंचाई मार्फत सिंचाइको पहुँच पुऱ्याउन सकिएमा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।
- मनाङ र मुस्ताङ जिल्लामा व्यवसायिक स्याउ खेती तथा अन्य पहाडी जिल्लाहरु कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा व्यवसायिक सुन्तला खेतीको उच्च सम्भावना रहेको छ ।
- उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दुध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरुमा व्यवसायिक बाखापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।
- गोरखाको उत्तरी भाग, मनाङ र मुस्ताङका हिमाली क्षेत्रहरुमा पाइने यार्सागुम्बाको व्यवसायीकरण गर्न तथा बजार पहुँच सुनिश्चित गर्न समुदाय, सहकारी र स्थानीय तहको समन्वयात्मक कार्यक्रम ल्याउन सकिएमा यार्सागुम्बाको व्यवसायीकरण गर्न सकिने सम्भावना रहेको छ ।
- प्रदेशको पहाडी र उच्च हिमाली क्षेत्रमा जडिबुटीहरुको व्यवसायिक खेती गर्न सकिने सम्भावना रहेको छ ।

- होटल व्यवसायीहरुलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तर आबद्धता बढी दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहेको छ ।
- प्रदेशमा रहेका तालतलैया तथा नदीनालाहरुबाट कुलो/नहरमा आधारित आधुनिक सिँचाई सुविधा उपलब्ध गराउन सकिने पर्याप्त सम्भावना रहेको छ ।

# परिच्छेद ४


# उद्योग क्षेत्र

आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १८.४ प्रतिशत रहने अनुमान रहेको छ । गत वर्ष यस्तो हिस्सा १७.७ प्रतिशत रहेको थियो । यस प्रदेशमा साना र मझौला उद्योगहरुको बाहुल्यता रहेको छ । गण्डकी प्रदेशमा सञ्चालित साना र मझौला गरी ७९८ उद्योगबाट समीक्षा वर्षमा ३८ हजार ५ सय २ व्यक्तिले रोजगारी पाएका छन्[३] ।

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको औद्योगिक क्षेत्रको स्थितिको संक्षिप्त विश्लेषण गरिएको छ । त्यसैगरी औद्योगिक कर्जा स्थिति तथा उद्योग क्षेत्रमा देखिएको समस्या, चुनौती र सम्भावना समेत यो परिच्छेदमा समेटिएको छ ।

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

क) आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १४ उद्योगहरुको औसत क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा ३.६ प्रतिशत बिन्दुले बढी ४३.६ प्रतिशत पुगेको छ । यस प्रदेशमा चकलेट उद्योगको क्षमता उपयोग ८०.४ प्रतिशत, बिस्कुटको ६३.४ प्रतिशत, वियरको ६८.२ प्रतिशत, लिक्विड औषधीको ५७.५ प्रतिशत), क्याप्सुलको ४५.८ प्रतिशत, इट्टाभट्टाको ४५.० प्रतिशत, खाने तेल उद्योगको ४५.६ प्रतिशत, ओइन्टमेण्टको १५ प्रतिशत र ड्राइ सिरपको क्षमता उपयोग ८.२ प्रतिशत रहेको छ ।




*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु ।*

[३] आर्थिक सर्वेक्षण-२०७८/७९, गण्डकी प्रदेश

(ख) समीक्षा अवधिमा लिक्विडको उत्पादन ७०.४ प्रतिशतले, क्याप्सुलको ६४.६ प्रतिशतले, प्रशोधित दुधको ३७.८ प्रतिशतले, समेन्टको २५ प्रतिशतले, ड्राइ सिरपको १९.२ प्रतिशतले, ओइन्टमेन्ट १८.७ प्रतिशतले, वियर २१.४ प्रतिशतले बढेको छ । तोरीको तेल, ट्याबलेट र चकलेटको उत्पादन सामान्य वृद्धि भएको छ भने बिस्कुट, ईट्टा, चाउचाउ र चुरोटको उत्पादनमा केही कमी आएको छ ।

**तालिका ४.१ औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | आ.व २०७७/७८ | आ.व २०७८/७९ | प्रतिशत परिवर्तन | क्षमता उपयोग |
|---|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | २७६५ | २७९८ | १.२ | ४८.६ |
| प्रशोधित दूध | हजार लिटर | ५१९९.४ | ७१६६ | ३७.८ | १९.८ |
| विस्कुट | मे.टन | ७४३८ | ६४८९ | -१२.८ | ६३.४ |
| चकलेट | मे.टन | ६०१७ | ६०२८ | ०.२ | ८०.४ |
| चाउचाउ | मे.टन | ६८०६ | ६५७०.६ | -३.५ | ३४.८ |
| वियर | हजार लिटर | ८६२३२ | १०४६४६ | २१.४ | ६८.२ |
| चुरोट | दस लाख खिल्ली | ३४१४ | ३३७६ | -१.१ | ४६.९ |
| ट्याव्लेट | हजार थान | १९१४८० | १९७६७० | ३.२ | ३८.९ |
| क्यापसुल | हजार थान | १६०८० | २६४७० | ६४.६ | ४५.८ |
| ओइन्टमेन्ट | हजार ट्युब | ९३५ | १११० | १८.७ | १५ |
| ड्राइ सिरप | हजार बोतल | ३१३ | ३७३ | १९.२ | ८.२ |
| लिक्विड | हजार बोतल | १६३४२२१ | २७८५३२० | ७०.४ | ५७.५ |
| ईंटा | दस लाख गोटा | ९.५ | ८.७ | -८.४ | ४५ |
| सिमेण्ट | मे.टन | ७६०७४५.६ | ९५१०१९.० | २५.० | ४१.१ |

*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट गण्डकी प्रदेशमा कुल रु.३७ अर्ब ४७ करोड औद्योगिक कर्जा प्रवाह भएको छ । गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा १०.६ प्रतिशत रहेको छ । उक्त कर्जा मध्ये सबैभन्दा बढी निर्माण उपशीर्षकमा रु.१३ अर्ब ६५ करोड (३६.५ प्रतिशत), गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उपशीर्षकमा रु.१० अर्ब ७७ करोड (२८.७ प्रतिशत), कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उपशीर्षकमा रु.९ अर्ब ५ करोड (२४.२ प्रतिशत), धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उपशीर्षकमा रु. २ अर्ब ९७ करोड (७.९ प्रतिशत), विद्युत, ग्यास तथा पानी उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ६६ करोड (१.७ प्रतिशत) र खानी सम्बन्धी उत्पादन सम्बन्धी उपशीर्षकमा रु.३५ करोड (०.९ प्रतिशत) कर्जा लगानी रहेको छ ।

**तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा**

| विवरण | औद्योगिक कर्जा (रकम रु. दश लाखमा) | क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशतमा) |
|---|---|---|
| खानी सम्बन्धी | ३५१.७ | ०.९ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ९,०५७.४ | २४.२ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | १०,७७१.४ | २८.७ |
| निर्माण | १३,६५८.२ | ३६.५ |
| विद्युत, ग्यास तथा पानी | ६६४.८ | १.८ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | २,९७५.६ | ८.० |
| **कुल औद्योगिक कर्जा** | **३७,४७९.२** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक।*

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

**चुनौतीहरु**

- अधिकांश उद्योगहरुको उत्पादन क्षमता न्यून देखिएकाले त्यस्ता उद्योगहरुलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनका लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनुपर्ने चुनौती छ।
- अर्ध-दक्ष तथा दक्ष जनशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदा स्वदेशी उद्योगहरुमा दक्ष श्रमशक्तिको अभाव रहेको छ।
- घर-जग्गाको निरन्तर मूल्य वृद्धि र अव्यवस्थित सहरीकरण एवम् जग्गा उपयोगका कारण लागतको दृष्टिकोणले नयाँ उद्योग स्थापना चुनौतीपूर्ण हुँदै गएको छ।
- उद्योग स्थापना, नवीकरण लगायत कर/दस्तुर आदि बुझाउँदा प्रक्रियागत जटिलताहरु रहेका छन्। समय तथा लागत कम गर्न एकल बिन्दु सेवाको कार्यान्वयन, प्रविधिको उपयोग, विद्युत्तीय सेवा र विद्युत्तीय भुक्तानी कारोबारको अधिकतम प्रवर्द्धन गर्नुपर्ने चुनौती रहेको छ।
- औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न चुनौती रहेको छ।
- पर्याप्त उर्जा आपूर्ति एवम् भरपर्दो सडक यातायातको सुविधा उपलब्ध गराउनुपर्ने चुनौती रहेको छ।
- औद्योगीक क्षेत्रको विकासका लागि पुँजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्ने कार्य चुनौतीपूर्ण छ।

**सम्भावनाहरु**

- गण्डकी प्रदेशमा एकातर्फ उर्वर भूमी रहेको र अर्कोतर्फ पर्यटन विकासको पनि उत्तिकै सम्भावना रहेको सन्दर्भमा कृषि उत्पादन अभिवृद्धि गर्दै कृषि प्रशोधन उद्योगहरु सञ्चालन मार्फत पर्यटन र कृषि व्यवसायमा अग्र-पृष्ठ सम्बन्ध स्थापना गरी उत्पादन, आय र रोजगारी वृद्धि गर्न सकिने प्रवल सम्भावना रहेको छ ।
- गण्डकी प्रदेशमा बिस्कुट, चाउचाउ जस्ता खाद्यवस्तुहरुको उद्योगको संख्या र उत्पादन बढी रहेको सन्दर्भमा त्यस्ता वस्तुहरुको आयातमा कडाई गरी उत्पादनलाई थप प्रोत्साहन गर्न सकिएमा उक्त वस्तुहरुमा आत्मनिर्भर हुन सकिने सम्भावना रहेको छ ।
- नवलपरासी स्थित धौबादी फलाम खानीको उत्खनन कार्य प्रारम्भ गर्न सकिएमा फलामको उत्पादन वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर बन्दै कृषि क्षेत्र तथा स्थानीय श्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सक्ने सम्भावना रहेको छ ।
- स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैह्र सरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेश मै उत्पादित सामग्रीलाई बढावा दिन सके स्वदेशी उत्पादन थप अभिवृद्धि हुने सम्भावना रहेको छ ।
- प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको[४] छ ।

[४] प्रथम पञ्चवर्षीय योजना, प्रदेश नीति तथा योजना आयोग, २०७७ बैशाख)

# परिच्छेद ५

# सेवा क्षेत्र

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान गरेको छ । यस प्रदेशको आर्थिक वर्ष २०७८/७९ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५५.६ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्रको भूमिका अझ महत्वपूर्ण रहेको छ। पर्यटन क्षेत्रले अप्रत्यक्ष रुपमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत र रोजगारीमा १५ प्रतिशत योगदान पुऱ्याएको अनुमान छ।[५]

यस परिच्छेदमा गण्डकी प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रहरुमा देखिएका समस्या, चुनौती र सम्भावनाहरु समेटिएको छ।

## ५.१ पर्यटन

पर्यटन सम्बन्धी तथ्याङ्क संकलनका लागि गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट नमुनाका रुपमा ११ होटलहरु छनौट गरिएको छ। जसमध्ये कास्की जिल्लाबाट ५ (कुटी रिसोर्ट एण्ड स्पा प्रा.लि., होटल सांग्रिला भिलेज प्रा. लि., होटल पोखरा ग्राण्ड, रुपाकोट रिसोर्ट प्रा.लि. र अतिथि रिसोर्ट एण्ड स्पा प्रा.लि.) र अन्य जिल्लाबाट ५ (बन्दीपुर माउन्टेन रिसोर्ट, होटेल टेकुचे, होटेल याक एण्ड रेष्टुरेण्ट र होटेल ग्राण्ड शाम्बाला, र द नारायणी रिसोर्ट) गरी १० होटलहरु छानिएको छ।

उक्त होटलहरुबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ मा होटलहरुको शैया संख्या २ प्रतिशतले वृद्धि भई ५०० पुगेको छ । समीक्षा वर्षमा होटलहरुमा रोजगारी ५ प्रतिशतले वृद्धि भएको छ। उक्त होटलहरुमा पर्यटक आगमन सङ्ख्या गत वर्ष भई ३ हजार ४ सय १४ रहेकोमा समीक्षा अवधिमा ४६७.६६ प्रतिशतले वृद्धि भई १९ हजार ३ सय ८० पुगेको छ । समीक्षा अवधिमा कोरोना सङ्क्रमण दर घट्दै जानु एवं खोपको उपलब्धता बढ्दै जानुले पर्यटक आगमन सङ्ख्यामा उल्लेख्य बढोत्तरी आएको हो।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्ष यस प्रदेशमा रहेका महानगर/नगरपालिकाहरुबाट स्वीकृत घर/जग्गा रजिष्ट्रेशन संख्या १७.६ प्रतिशतले वृद्धि भई ३९ हजार ६ सय ७३ पुगेको छ भने नक्सा पास संख्यामा १.१ प्रतिशतको ह्रास आएको छ । फलस्वरुपः घर जग्गा रजिष्ट्रेशन वापतको राजस्व गत वर्षको तुलनामा २५.३ प्रतिशतले ह्रास भई रु. २ अर्ब ४५ करोड संकलन भएको छ।

---

[५] आर्थिक सर्वेक्षण-२०७८/७९, गण्डकी प्रदेश

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | ३३,७२० | ३९,६७३ | १७.६% |
| घर/भवन स्थायी नक्सा पास संख्या | २,९५० | २,९१९ | -१.१% |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ३,२७८.१६ | २,४५०.५८ | -२५.३% |

*स्रोत : जिल्ला मालपोत कार्यालय तथा महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंकिङ्ग सेवा

(क) आ.व. २०७८/७९ मा गण्डकी प्रदेशका ११ जिल्लाहरुमा 'क' 'ख' 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुको शाखा गत वर्षको सोही अवधिको तुलनामा ३.६ प्रतिशतले बढी १,४१६ पुगेको छ । जस मध्ये वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्तको शाखा संख्या क्रमशः ५९९, १९०, ३६ र ५९१ रहेको छ । बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार कास्की, तनहुँ र नवलपरासी जिल्लाहरुमा अधिकेन्द्रित देखिएको छ ।


**तालिका ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति**

| जिल्ला | आ.व. २०७७/७८ | प्रतिशत | आ.व. २०७८/७९ | प्रतिशत |
|---|---|---|---|---|
| कास्की | ३६३ | २६.६ | ३७५ | २६.५ |
| स्याङ्जा | १२२ | ८.९ | १३० | ९.२ |
| तनहुँ | १९७ | १४.४ | १९६ | १३.८ |
| गोरखा | १११ | ८.१ | ११५ | ८.१ |
| लमजुङ | १०१ | ७.४ | १०४ | ७.३ |
| मनाङ | १७ | १.२ | १६ | १.१ |
| मुस्ताङ | २४ | १.८ | २४ | १.७ |
| पर्वत | ८४ | ६.२ | ८८ | ६.२ |
| बाग्लुङ | १०५ | ७.७ | १०७ | ७.६ |
| म्याग्दी | ५३ | ३.९ | ५४ | ३.८ |
| नवलपरासी (पूर्व) | १८९ | १३.८ | २०७ | १४.७ |
| **जम्मा** | **१३६६** | **१००** | **१४१६** | **१००** |

*स्रोत : नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।*

(ख) २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा गण्डकी प्रदेशमा निक्षेप परिचालन ८.१ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ९८ अर्ब १२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप २२.४ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा कुल कर्जा लगानी १४.२ प्रतिशतले वृद्धि भई रु.

३ खर्ब ५३ अर्ब ७१ करोड पुगेको छ । जसमध्ये कृषि क्षेत्रमा रु.२८ अर्ब २१ करोड, औद्योगिक क्षेत्रमा रु. ३७ अर्ब ४७ करोड, सेवा क्षेत्रमा रु.१ खर्ब १४ अर्ब ८२ करोड र अन्य क्षेत्रमा (रियल स्टेट, शिक्षा, उपभोग लगायतका अन्य क्षेत्रमा) रु.१ खर्व ७३ अर्व २१ करोड प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी २७.७ प्रतिशतले वृद्धि भएको थियो । बैंक तथा वित्तीय संस्थामा विद्यमान तरलताको कमीले कर्जा प्रवाह प्रवाहित भएको देखिएको छ ।




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

(ग) २०७९ असार मसान्तमा निक्षेपकर्ताहरुको संख्या २१.१ प्रतिशतले वृद्धि भई ५० लाख ४४ हजार ६३४ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि १२.९ प्रतिशत मात्र रहेको थियो ।

(घ) २०७९ असार मसान्तमा यस प्रदेशमा इन्टरनेट बैंकिङ्गको दर्ता संख्या १ लाख ७७ हजार र मोबाइल बैंकिङ्ग दर्ता गर्नेको संख्या २१ लाख १४ हजार पुगेको छ । यसमध्ये इन्टरनेट सेवा र मोवाइल बैंकिङ्गको सक्रिय प्रयोगकर्ताको संख्या भने क्रमशः १.३ लाख र १५.६ लाख रहेको छ ।

**तालिका ५.३ : वित्तीय उपकरण प्रयोगकर्ताको विवरण**

| विवरण | २०७८ असार मसान्त | २०७९ असार मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेपकर्ताको संख्या | ४१,६४,५७७ | ५०,४४,६३४ | २१.१ |
| ऋणीहरुको संख्या | २,३९,२१६ | २,५९,२६५ | ८.४ |
| इन्टरनेट बैकिंङ्ग | ७०,५४७ | १,७७,०१५ | १५०.९ |
| मोबाइल बैकिंङ्ग | १६,४४,३५४ | २१,१४,५७२ | २८.६ |
| एटिएम संख्या | ५२० | ५५७ | ७.१ |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

(ङ) आर्थिक वर्ष २०७८/७९ मा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट यस प्रदेश अन्तर्गतका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरुमा सञ्चालित ९ नोटकोषहरुमा रु. १६ अर्ब ६६ करोड फण्ड ट्रान्सफर

भएको छ । अघिल्लो वर्ष सोही अवधिमा रु. १७ अर्ब ४७ करोड फण्ड ट्रान्सफर भएको थियो ।

(च) आर्थिक वर्ष २०७८/७९ मा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु. १ अर्ब ५७ करोड ९७ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ । अघिल्लो वर्ष रु. १ अर्ब २० करोड १० लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो ।

कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रा मध्ये अमेरिकी डलर ३५.८ प्रतिशत र युरो २४.४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबाट रु.९ करोड ५४ लाख बराबरको भारतीय मुद्रा बिक्री भएको छ ।

**बक्स २ : द क्लिफ (The Cliff)**

नेपालको सहासिक पर्यटकीय गन्तव्यका रुपमा परिचित द क्लिफ प्रा. लि. पर्बतको कुस्मा स्थित कालीगण्डकी नदीमाथि रहेको छ । करिब रु. ७५ करोड लगानी रहेको उक्त प्रा. लि. अक्टोबर २०२० देखि सञ्चालनमा आएको छ । खासगरी बन्जी जम्पिङ्ग र स्काई साईक्लिङ्ग लगायतको सहासिक खेलका लागि पर्यटक आउने यो स्थल पोखराबाट ७५ कि.मि. को दुरीमा रहेको छ ।

कुश्माको पर्वतमा द क्लिफको शुरुवातले यो क्षेत्रमा पर्यटकको आगमन बढेकाले होटल तथा रेष्टुरेण्ट व्यवसाय पनि बिस्तार हुदै गएको छ । यसबाट दैनिक ८४ व्यक्तिले प्रत्यक्ष रोजगारी पाउनुका साथै स्थानीय उत्पादन बिक्री वितरणमा सहज भएको छ ।




## ५.३.२ अन्य वित्तीय सेवा

(क) आर्थिक वर्ष २०७८/७९ सम्ममा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय मार्फत विदेशी मुद्रा सटहीको इजाजतपत्रप्राप्त गर्ने संस्थाहरुको संख्या १२९ पुगेको छ । जसमध्ये, मनिचेन्जर ४०, होटल/रिसोर्ट ३४, ट्राभल एजेन्सी २४, ट्रेकिङ्ग एजेन्सी २६ र अन्यको संख्या ५ रहेको छ ।

## ५.४ यातायात तथा संचार

आ.व २०७८/७९ सम्ममा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयमा दर्ता भएका यातायात साधनको संख्या २ लाख ९४ हजार ९४१ रहेको छ । यसमध्ये मोटरसाईकलको संख्या २ लाख ३६ हजार १५४ रहेको छ । अघिल्लो आर्थिक वर्ष सम्ममा यातायात साधनको संख्या २ लाख ४७ हजार ६४ रहेको थियो ।

**तालिका ५.४: गण्डकी प्रदेशमा यातायात सेवा**

| विवरण | आ.व २०७७/७८ | आ.व २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| मोटरसाईकल संख्या | १,९१,९८० | २,३६,१५४ | २३.० |
| अन्य यातायातका साधन संख्या | ५५,०८४ | ५८,७८७ | ६.७ |
| **जम्मा** | **२,४७,०६४.०** | **२,९४,९४१.०** | **६.७** |

*स्रोतः विभिन्न जिल्लाका यातायात व्यवस्था कार्यालय।*

## ५.५ सेवा क्षेत्र कर्जा

बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा २०७८/७९ मा ४.१ प्रतिशतले घटी २०७९ असार मसान्तमा रु. १ खर्ब १४ अर्ब ८२ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २४.३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जा प्रवाह मध्ये सेवा क्षेत्र कर्जा ३२.५ प्रतिशत रहेको छ।

यस आर्थिक वर्ष सेवा क्षेत्रमा प्रवाहित कुल कर्जा मध्ये, थोक तथा खुद्रा बिक्रेता शीर्षकमा रु. ६४ अर्ब ६४ करोड (५६.३ प्रतिशत), वित्त, बीमा तथा अचल सम्पत्ति शीर्षकमा रु.१९ अर्ब ६३ करोड (१७.१ प्रतिशत), पर्यटन शीर्षकमा रु.२० अर्ब ८७ करोड (१८.२ प्रतिशत), यातायात, भण्डारण र संचार शीर्षकमा रु.६ अर्ब ६९ करोड (५.८ प्रतिशत), अन्य सेवा शीर्षकमा रु.२ अर्ब ९७ करोड (२.६ प्रतिशत) कर्जा वक्यौता रहेको छ।

**तालिका ५.५: क्षेत्रगत सेवा कर्जा**

| विवरण | कर्जा रकम (रु. दश लाखमा) | कर्जा प्रतिशत |
|---|---|---|
| यातायात, भण्डारण र संचार | ६,६९५ | ५.८ |
| थोक तथा खुद्रा विक्रेता | ६४,६४१ | ५६.३ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | १९,६३४ | १७.१ |
| पर्यटन | २०,८७७ | १८.२ |
| अन्य सेवा | २,९७७.७ | २.६ |
| **कुल सेवा कर्जा** | **१,१४,८२५** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।*

### सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित), बमोजिम २०७९ असार मसान्तसम्ममा गण्डकी प्रदेशमा कुल रु. ३० अर्ब ११ करोड यस्तो कर्जा प्रवाह भएको छ। यस प्रदेशमा प्रवाहित कुल कर्जाको ४२.९ प्रतिशत कास्की जिल्लामा प्रवाह भएको छ।

**तालिका ५.६ : सहुलियतपूर्ण कर्जा**

| जिल्ला | सहुलियतपूर्ण कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| गोर्खा | १,१९८ | ४.० |
| मनाङ | ४८.५ | ०.२ |
| मुस्ताङ | २६४.२ | ०.९ |
| म्याग्दी | ९००.८ | ३.० |
| कास्की | १२,९४७ | ४३.० |
| लमजुङ | १,५०३ | ५.० |
| तनहुँ | ४,०१३ | १३.३ |
| नवलपरासी (पूर्व) | ४,९२२ | १६.३ |
| स्याङ्जा | २,०२८ | ६.७ |
| पर्वत | ८६२.४ | २.९ |
| बाग्लुङ | १,४३१ | ४.८ |
| **जम्मा** | **३०,११७** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.६ सहकारी

अध्ययनमा समावेश सहकारी संस्थाहरुको पूँजी २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा ४.३ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ९८ करोड २६ लाख पुगेको छ । उक्त अवधिमा तोकिएका १० सहकारी संस्थाहरुबाट यस प्रदेशमा सकंलन भएको निक्षेप ०.६ प्रतिशतले कमी आई रु. १४ अर्ब ९३ करोड १८ लाख कायम रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत २९.५ प्रतिशतले वृद्धि भएको थियो । उपरोक्त सहकारी संस्थाहरुबाट यस प्रदेशमा प्रवाहित कर्जा २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तसम्ममा १७.८ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ५५ करोड १८ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २८.६ प्रतिशतले वृद्धि भएको थियो । अध्ययनमा समावेश गरिएका सहकारीमा सदस्य र कर्मचारी सङ्ख्या आर्थिक वर्ष २०७७/७८ को तुलनमा १५.० प्रतिशत र ६.५ प्रतिशतले वृद्धि भई क्रमशः १ लाख ७० हजार ७७५ र ४ सय ५६ पुगेको छ ।

**तालिका ५.७ : सहकारी सेवा**

| विवरण | २०७८ असार मसान्त (रकम रु. दश लाखमा) | २०७९ असार मसान्त (रकम रु. दश लाखमा) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कुल पूँजी | ५,७३४.९ | ५,९८२.७ | ४.३ |
| कुल बचत | १५,०२४.५ | १४,९३५.८ | -०.६ |
| कुल ऋण | १४,०५६.० | १६,५५१.८ | १७.७ |
| सदस्य संख्या | १,४८,४७३ | १७०,७५५ | १५.० |
| कर्मचारी संख्या | ४२८ | ४५६ | ६.५ |

*स्रोत: अध्ययनमा समावेश गरिएका सहकारीहरु ।*

## ५.७ सेवा क्षेत्रका चुनौती तथा सम्भावना

**चुनौतीहरु**

- विश्वव्यापी कोराना महामारीले प्रभावित यो प्रदेशको पर्यटन क्षेत्र अझै पूर्ण रुपमा पुनरुत्थान हुन सकेको छैन । आगामी दिनमा पर्यटन क्षेत्रलाई पूर्ण रुपमा पुर्नजीवित गराई रोजगारी र आय आर्जन अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ ।
- सडक सञ्जालको विस्तारसँगै परम्परागत पदमार्गहरु मासिँदै गएका छन् । सडक सञ्जाल विकासको क्रममा पदमार्गहरु संरक्षण गर्नुपर्ने तथा नयाँ पदमार्गहरु खोजी गर्नुपर्ने चुनौती रहेको छ ।
- पर्यटन प्रवर्द्धनका लागि पदमार्गहरुमा सुरक्षा व्यवस्था तथा अत्यावश्यक सञ्चार सुविधा एवम् मौसम पूर्वानुमान सूचना प्रणालीको अभाव रहेको छ । यस्ता अत्यावश्यकीय सुविधाको अभावमा आकस्मिक मौसम प्रतिकुलता र वन्यजन्तुबाट आक्रमण लगायतका जोखिम न्यूनीकरण गर्न चुनौतीपूर्ण छ ।
- पर्यटक आगमनको तथ्याङ्क तथा विवरण व्यवस्थित तवरले राख्न सकिएको छैन । आधिकारिक तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वयको अभावका कारण पर्यटन सम्बन्धी तथ्याङ्कमा एकरुपता हुन नसक्दा तथ्यमा आधारित नीति तर्जुमा गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- गण्डकी प्रदेशको पोखरा बाहेकका अन्य पर्यटकीय स्थानहरुमा पर्यटकस्तरीय होटल/लजहरु पर्याप्त नहुनु, यातायात सुविधा एवम् भौतिक पूर्वाधारहरु भरपर्दो नहुनु लगायतका समस्याहरु विद्यमान रहेका छन् ।
- यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरु तथा गैर-सरकारी संस्थाहरुको संख्या तथा कारोबारमा विस्तार भएता पनि यस्ता संस्थाहरुको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने निकाय एवम् संयन्त्रको अभावका कारण वित्तीय स्थायित्वमा पर्नसक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- वित्तीय साक्षरताको कमीका कारण वित्तीय सेवाको माग पक्ष कमजोर रहेको र विद्युतीय कारोवारको दायरा समेत अपेक्षित रुपमा विस्तार हुन नसकेको अवस्थामा वित्तीय साक्षरता एवम् विद्युतीय वित्तीय साक्षरता (Digital Financial Literacy) बढाउनु पर्ने चुनौती रहेको छ ।

**सम्भावनाहरु**

- कोभिड-१९ महामारीको असर न्यून भएसँगै यस प्रदेशमा पर्यटन क्षेत्र सम्बद्ध उद्यम, व्यवसायहरु स्थापनाको उच्च सम्भावना रहेको देखिन्छ ।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य अन्तिम चरणमा पुगेकाले अब निकट भविष्यमै उक्त विमानस्थल सञ्चालनमा आउने सम्भावना रहेको छ । विमानस्थल

संचालनमा आएपश्चात् हवाई सेवामार्फत् यस प्रदेशको सम्बन्ध सोझै अन्तर्राष्ट्रिय जगतसँग जोडिन पुग्ने भएकाले पर्यटन प्रवर्द्धनमा उल्लेखनीय टेवा पुग्ने सम्भावना छ ।

- उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकाले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकाले भारतीय र चिनिया पर्यटकहरुको आगमनमा उल्लेख्य वृद्धि हुने सम्भावना रहेको छ ।
- कोभिड–१९ को विश्वव्यापी महामारीका कारण स्थगित भएको Visit Nepal 2020 कार्यक्रम पोखरा र अन्नपूर्ण क्षेत्र केन्द्रीत गरी Visit Nepal पुनः आयोजना गर्न सकिएमा यस क्षेत्रको पयर्टन व्यवसाय प्रवद्धनमा उल्लेख्य सहयोग पुग्ने स्थिति छ ।
- प्रस्तावित गण्डकी विश्व विद्यालयलाई Mining, Bio-diversity र Hydropower को विशिष्टकृत (Specialized) अध्ययन⁄ अध्यापन गराउने विश्वविद्यालयको रुपमा विकास गर्न सकिएमा बाह्य मुलुकहरुबाट समेत विद्यार्थी आकर्षित गर्नुका साथै उक्त क्षेत्रको विकासमा थप सहयोग पुग्ने सम्भावना रहेको छ ।
- स्थानीय तहमा आर्थिक गतिविधि विस्तार भएसँगै ग्रामीण भेगसम्म बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार हुने क्रममा रहेका छन् । समीक्षा अवधिसम्ममा यस प्रदेशका सबै स्थानीय तहहरुमा वाणिज्य बैंकका शाखा स्थापना भइसकेका छन् । ग्रामीण क्षेत्रहरुमा समेत पर्याप्त रुपमा बैंकिङ्ग सेवा उपलब्ध भएपछि आर्थिक गतिविधि लगायत वित्तीय सेवाको पहुँच थप विस्तार हुने सम्भावना रहेको छ ।
- त्यसैगरी, पर्यटकहरुलाई थप आकर्षित गर्दै बसाई अवधि लम्ब्याउन तालहरुमा अत्याधुनिक (Water Show/Water Sorts, Jet Boating, Water Skiing, Underwater Scooter, Cruise Dinner) आदि जस्ता मनोरञ्जनात्मक गतिविधिहरुका लागि लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने प्रमुख राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति स्थितिको समीक्षा गरिएको छ। यस प्रदेशमा पूर्वाधार क्षेत्रमा भएमा समस्या, चुनौती तथा सम्भावनाहरु पनि यसै परिच्छेदमा समेटिएको छ। त्यसैगरी, गण्डकी प्रदेशमा रोजगारीको स्थिति र सम्भावना तथा चुनौती पनि यो परिच्छेदमा विश्लेषण गरिएको छ।

## ६.१ पूर्वाधार क्षेत्र

### राष्ट्रिय गौरवका आयोजनाहरु

**(क) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल :**
आ.व. २०७३/७४ मा शुरु भई २०७८ असारमा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजना २०७९ असार मसान्तसम्म ९८.५ प्रतिशत भौतिक कार्य र ७४.८ प्रतिशत वित्तीय कार्य सम्पन्न भएको छ। आयोजनामा स्वदेशी ७१ र विदेशी ५१ गरी कुल १२२ व्यक्तिले रोजगारी पाएका छन्। हाल आयोजनाको संरचनात्मक कार्य सम्पन्न भई फिनिसिङ्ग तर्फ अन्तिम चरणको कार्य भईरहेको छ।

**(ख) कालीगण्डकी करिडोर** : कुल ४४५ कि.मी. लम्बाई भएको कालीगण्डकी करिडोर समीक्षा अवधिसम्म करिब ७४.८ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। करिडोरलाई मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड (२४५ कि.मी.) र जोमसोम-कोरला खण्ड (२०० कि.मी.) गरी दुई भागमा विभाजन गरी निर्माण कार्य अघि बढाइएको छ। आर्थिक वर्ष २०७८/७९ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको प्रारम्भिक अनुमानित लागत रु.२४.१ अर्ब रहेको छ। यस आयोजनामा लोकमार्गमा पर्ने घर/टहरा, जग्गा जमिनको मुआब्जा सम्बन्धी विवाद र वन कार्यालयबाट रुख कटानीको स्वीकृति प्राप्तमा ढिलाई मुख्य समस्या देखिएको छ। आयोजनाबाट २०७९ असार मसान्तसम्म १५०० जनाले रोजगारी प्राप्त गरेका छन्।

(ग) **मध्य पहाडी लोकमार्ग** : यस आयोजना अर्न्तगत गण्डकी प्रदेशको गोरखा-लमजुङ खण्डमा पर्ने १११ कि.मि. सडक निर्माणमध्ये ६० प्रतिशत कार्य सम्पन्न भएको छ। हाल यस आयोजनामा Structural works, ग्रावेल, Base, Blacktop works आदि कार्य भइरहेको छ। आयोजनामा ४५० व्यक्तिले रोजगारी प्राप्त गरेका छन्। उक्त निर्माण कार्यमा रुख कटानीको स्वीकृतीमा ढिलाई र मुआब्जा वितरण तथा जग्गा प्राप्तिमा समस्या देखिएको छ। उक्त लोकमार्गको कास्की-पर्वत-बाग्लुङ खण्डमा पर्ने २४५ कि.मि. मध्ये ८८ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। हाल उक्त

खण्डमा नाली निर्माण, टेवा पर्खाल निर्माण र सडक painting लगायतका कार्य भइरहेको छ । आयोजनामा ४०२ जनाले रोजगारी प्राप्त गरेका छन् ।

(घ) **तनहुँ जलविद्युत आयोजना** : तनहुँ जिल्लामा १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको बाँध निर्माण कार्यको ठेक्का सम्झौता हुने चरणमा छ । यस आयोजनाका लागि जग्गा अधिग्रहणको मुआब्जा वितरण काम सम्पन्न भइसकेको छ भने आयोजनामा पावर हाउसको टनेल र प्रवेश द्वारको सुरुङ खन्ने कार्य भईरहेको छ । आयोजनाको अनुमानित लागत रु. ५५ अर्ब रहेको छ भने यस आयोजनाबाट कुल १०४९ जनाले रोजगारी प्राप्त गरेका छन् ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

**चुनौतीहरु**

- सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वयको अभावमा निर्माण कार्य व्यवस्थित हुन सकेको छैन ।
- पूर्वाधार क्षेत्रका आयोजनाहरु निर्माणको क्रममा घर/जग्गा मुआब्जा सम्बन्धी विवाद शीघ्र समाधान गर्ने विधि र प्रक्रियाको अभावमा आयोजना समयमै सम्पन्न हुन नसक्ने तथा उल्लेख्य रुपमा लागत वृद्धि हुने गरेको छ ।
- विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड–१९ को संक्रमण जोखिम अझै कायम रहेको हुँदा राष्ट्रिय गौरवका आयोजना तथा पूर्वाधारको क्षेत्रमा आवश्यक कामदार, विशेषज्ञहरुको उपलब्धता नहुनुका साथै आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरणको सहज आपूर्ति नहुनु, विस्फोटक पद्धार्थ समयमा आउन नसक्नु जस्ता समस्याहरुले निर्माण कार्यमा ढिलाई भएको छ ।
- प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुने गरेको छ ।
- सडक निर्माणका क्रममा ठेकेदारहरुले परियोजना (निर्माणको सम्पूर्ण कार्य, मजदुर, निर्माण सामाग्री, निर्माण सम्बन्धी उपकरण) को बीमा गर्ने गरेको भएतापनि निर्माण कार्यमा विभिन्न कारणले भएको क्षतिको दावी गर्दा बीमा कम्पनीबाट न्यून मात्रामा क्षतिपूर्ति रकम प्राप्त हुने र त्यस्तो रकम समयमा भुक्तानी नहुने समस्या रहेको छ ।

**सम्भावनाहरु**

- गण्डकी प्रदेश अन्तर्गत संचालन भएका र हुनसक्ने आयोजनाहरुको विस्तृत अध्ययन गर्न गण्डकी प्रदेश नीति तथा योजना कार्यालयलाई परियोजना बैंकको रुपमा स्थापना गरी पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित तथा प्राथमिकीकरण गर्न सकिने सम्भावना रहेको छ।
- गण्डकी प्रदेशमा हाल साना ठूला गरी ३६ जलविद्युत परियोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना लगायत अन्य थुप्रै आयोजनाहरु निर्माणको प्रक्रियामा रहेकाले यस प्रदेशमा जलविद्युत उत्पादनको उच्च सम्भावना रहेको छ।
- बाग्लुङ जिल्लाको ढोरपाटन क्षेत्रमा अवस्थित ८२८ मेगावाट क्षमता भएको सम्भावित उत्तर गंगा जलाशययुक्त जलविद्युत आयोजना गण्डकी प्रदेश सरकार र संघीय सरकारको सह–लगानीमा निर्माण गर्न सकिने सम्भावना रहेको छ ।
- कालीगण्डकी नदीको आधा पानी यथावत कायम गरी नदीको सौन्दर्यता कायम गर्ने र आधा पानी नवलपुर पूर्वमा पु¥याई जलविद्युत र सिंचाई दुवैमा टेवा पुग्ने बहुउद्देश्यीय जलविद्युत आयोजना विकास गर्न सकिने सम्भावना रहेको छ।
- गण्डकी प्रदेशबाट तिब्बततर्फको नाका जोड्ने वैकल्पिक मार्गको रुपमा गोरखा बजार देखि लार्के भञ्ज्याङ हुँदै तिब्बत जोड्ने सडकमार्ग निर्माण गर्न सकिने सम्भावना रहेको छ।
- मुस्ताङ जिल्लामा सौर्य तथा वायु उर्जाको प्रचुर सम्भावना भएकाले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु उर्जा उत्पादन गर्न सकिने सम्भावना रहेको छ।
- पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्न एशियाली विकास बैंकसँग ऋण सम्झौता भई निर्माण कार्य प्रारम्भ भइसकेको सन्दर्भमा उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको समग्र विकासमा थप सहयोग पुग्ने देखिन्छ।

## ६.३ रोजगारी

गण्डकी प्रदेश सरकारले सार्वजनिक गरेको "गण्डकी प्रदेश स्थिति पत्र, २०७५" अनुसार गण्डकी प्रदेशमा बेरोजगारी दर २.३ प्रतिशत र अर्धबेरोजगारी दर (१५-५९ वर्षको जनसंख्या) ३०.१ प्रतिशत रहेको छ । त्यसैगरी, युवा अर्धबेरोजगारी दर (१५-२४ वर्षको जनसंख्या) ४१.९ प्रतिशत रहेको छ।

गण्डकी प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार समीक्षा अवधिसम्ममा यस प्रदेशमा व्यवसायिक प्रतिष्ठानको संख्या १ लाख ६ सय ८४ पुगेको छ । यी प्रतिष्ठानहरुमा ३ लाख ३२ हजार ४ सय ७२ व्यक्तिले रोजगारी पाएको देखिएको छ । यसमध्ये थोक तथा खुद्रा व्यापारमा २९.९ प्रतिशत, शिक्षामा १८.४ प्रतिशत, आवास तथा

भोजनमा १३.७ प्रतिशत र उत्पादनमूलक उद्योगमा ११.४ प्रतिशत रोजगारी सिर्जना भएको छ ।

यस प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम ८१ पालिकाहरुमा सञ्चालन भएको छ । सो अन्तर्गत सञ्चालित १ हजार ६ सय १४ आयोजना मार्फत कुल १४ हजार २ सय ७४ व्यक्तिले रोजगारी पाएका छन् ।

**तालिका ६.१ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण**

| विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ |
|---|---|---|---|
| कार्यक्रम सञ्चालन गरेका स्थानीय तह | ७८ | ६९ | ८१ |
| कार्यक्रम सञ्चालन नगरेका स्थानीय तह | ७ | १६ | ४ |
| आयोजना संख्या | ७२४ | ४८८ | १,६१४ |
| रोजगारीमा संलग्न व्यक्तिको विवरण | १६,८६१ | ९,६११ | १४,२७४ |
| रोजगार औसत दिन | १०.७ | १३ | ७३ |
| जम्मा रोजगार दिन | १,८०,७०५ | १,२४,२३८ | १०,४५,०७५ |

*स्रोत: आर्थिक सर्वेक्षण-२०७८/७९, गण्डकी प्रदेश ।*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

मुलुक भित्र रोजगारीका अवसरहरू पर्याप्त नभएकाले युवाहरु रोजगारीका लागि विदेशीएका छन् । यसबाट विप्रेषण आय प्राप्त हुने भएतापनि युवाहरुको परिचालनबाट मुलक भित्र विकास निर्माण कार्यमा तिव्रता दिनुका साथै उत्पादन अभिवृद्धि मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने अवसरको उपयोग हुन सकेको छैन ।

- प्रदेशमा १५-५९ वर्षको जनसंख्याको बाहुल्यता भएतापनि गैह्र कृषि क्षेत्रमा पर्याप्त रोजगारीको सृजना हुन नसकेको र विकास निर्माण कार्यले पनि गति लिन नसकेको कारण प्रदेशले जनसांख्यिक लाभांश लिन सकेको छैन । प्रदेशभित्र रोजगारीको अवसर सृजना गरी जनसांख्यिक लाभ लिने कार्य चुनौतीपूर्ण छ ।
- हाल प्रदेशमा अर्धबेरोजगारी उच्च रहेको छ । खासगरी युवा बेरोजगार दर कम गराउने कार्य चुनौतीपूर्ण छ ।
- वैदेशिक रोजगारीमा जाने अधिकांश श्रमिक सीप विहिन हुने भएकाले आय न्यून हुने र जोखिमपूर्ण कार्य गर्नु पर्ने अवस्था रहेको छ। बैदेशिक रोजगारीमा जाने युवालाई सीप सिकाउने र प्राविधिक कार्यका लागि मात्र वैदेशिक रोजगारीमा पठाउने नीतिले विप्रेषण आयको समेत बढोत्तरी हुने देखिएको छ ।

## बक्स ३ (क): गण्डकी प्रदेशका गौरवका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजना । | सम्भाव्यता अध्ययनको चरणमा रहेको । | - |
| २ | मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना । | ९८.८ | ९०.५ |
| ३ | प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना (नवलपुर र कास्कीको पोखरा महानगरपालिकामा) । | ४२ | ४२ |
| ४ | सूचना प्रविधि पार्क निर्माण आयोजना । | पर्खाल निर्माणको काम भइरहेको । | |
| ५ | प्रदेश सदरमुकाम पोखरादेखि स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण आयोजना । | कुल १०५.७ कि.मी मध्ये १३.२ कि.मी सडक सम्पन्न भएको र बाँकी सडक निर्माणधीन चरणमा रहेको छ । | ७४.८ |

*स्रोत: नीति तथा योजना आयोग, गण्डकी प्रदेश ।*

## बक्स ३ (ख): गण्डकी प्रदेशका रुपान्तरणकारी आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | फेवाताल संरक्षण र सौन्दर्यकरण आयोजना । | १०० | ९२.७ |
| २ | मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल निर्माण आयोजना । | १०० | ८८.१ |
| ३ | पोखरा, डेडगाउँ, दुम्किाबास, त्रिवेणी सडक निर्माण आयोजना । | कुल ६३ कि.मी सडकमध्ये १८ कि.मी. सडक निर्माण सम्पन्न भएको र २९ कि.मी. सडक निर्माणधीन अवस्थामा रहेको । | ५१.५ |

*स्रोत: नीति तथा योजना आयोग, गण्डकी प्रदेश ।*

## बक्स ३ (ग): गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कालिगण्डकी कोरिडोर | ४२.३ | ३९.८ |
| २ | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | ९८.५ | ७४.८ |
| ३ | बुढिगण्डकी जलविद्युत आयोजना | ८६ | ६८.० |
| ४ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग | ६० | ५८.० |
| ५ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग | ८८ | ८७.० |
| ६ | तनहुँ हाईड्रोपावर लिमिटेड | ३०.५ | २७.६ |

*स्रोत: नीति तथा योजना आयोग, गण्डकी प्रदेश ।*

# परिच्छेद ७

# संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको संक्षिप्त विश्लेषण गरिएको छ। यस अर्न्तगत प्रदेश सरकारको बजेटको आकार, खर्चको वर्गीकरण, वित्तीय हस्तान्तरण र स्रोत परिचालनको स्थितिको विश्लेषण गरिएको छ।

## ७.१ गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम

### ७.१.१ आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारको बजेट कार्यान्वयन स्थिति

आ.व. २०७८/७९ का लागि गण्डकी प्रदेश सरकारले कुल रु. ३० अर्ब ३ करोड बजेट विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार २०७९ असार मसान्तसम्म विनियोजनको ७३.५ प्रतिशत अर्थात रु. २२ अर्ब ८ करोड खर्च भएको छ। अघिल्लो आ.व. २०७७/७८ मा विनियोजन भएको कुल बजेटको ७३.६ प्रतिशत खर्च भएको थियो।


**तालिका ७.१ : गण्डकी प्रदेश सरकारको वित्त स्थिती**

*रकम रु. करोडमा*

| शीर्षक | २०७७/७८ | | २०७८/७९ | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०७७/७८ | २०७८/७९ |
| **कुल खर्च** | **३४८४.२** | **२५६४.९** | **३००३.९** | **२२०८.३** | **७३.६** | **७३.५** |
| चालु खर्च | १४३४.३ | ८०४.९ | १३०६.५ | ७६१.८ | ५६.१ | ५८.३ |
| पुंजीगत खर्च | १९९९.९ | १७६०.० | १६७३.५ | १४४६.५ | ८८.० | ८६.४ |
| वित्तिय व्यवस्था | ५०.० | ०.० | २४.० | ०.० | ०.० | ०.० |
| **कुल राजस्व** | **१२४८.२** | **९७०.३** | **१२९१.०** | **१३२२.७** | **७७.७** | **१०२.५** |
| **अनुदान प्राप्ति** | **१३३६.०** | **१३९६.८** | **१३०३.०** | **१३८७.४** | **१०४.६** | **१०६.५** |
| समानीकरण | ७११.३ | ७११.३ | ७४२.३ | ७४२.३ | १००.० | १००.० |
| सशर्त | ४२०.८ | ४८१.७ | ४१८.४ | ५०२.९ | ११४.५ | १२०.२ |
| विशेष | ५४.० | ५४.० | ५४.९ | ५४.९ | १००.० | १००.० |
| समपुरक | १४९.९ | १४९.९ | ८७.४ | ८७.४ | १००.० | १००.० |


*स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय।*

समीक्षा वर्षमा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१३ अर्ब ३ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०७९ असार मसान्तसम्म कुल रु.१३ अर्ब ८७ करोड अनुदान प्राप्त गरेको छ। यसमध्ये, समानीकरण अनुदान रु. ७ अर्ब ४२ करोड र सशर्त अनुदान रु. ५ अर्ब २ करोड रहेको छ। त्यसैगरी प्रदेशले संघबाट समपुरक र विशेष अनुदानको रुपमा क्रमशः रु. ८७ करोड ४० लाख र रु. ५४ करोड ९० लाख प्राप्त गरेको छ।




*स्रोत : अर्थ मन्त्रालय, गण्डकी प्रदेश ।*

आर्थिक वर्ष २०७८/७९ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१३ अर्ब ६ करोडमध्ये ५८.३ प्रतिशत (रु ७ अर्ब ६१ करोड) खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष चालु खर्च शिर्षकमा विनियोजनको ५६.१ प्रतिशत खर्च भएको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु. १६ अर्ब ७३ करोड मध्ये २०७९ असारसम्म ८६.४ प्रतिशत (रु. १४ अर्ब ४६ करोड) खर्च भएको छ ।




*स्रोत : अर्थ मन्त्रालय, गण्डकी प्रदेश ।*

गण्डकी प्रदेश सरकारले आ.व. २०७८/७९ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी कुल राजश्व रु १२ अर्ब ९१ करोड हुने अनुमान गरेकोमा लक्ष्यको १०२.५ प्रतिशत (रु. १३ अर्ब २२ करोड) राजश्व परिचालन भएको छ ।

### ७.१.२ आर्थिक वर्ष २०७९/८० को प्रस्तावित बजेट

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को बजेटमा मुख्यतया पाँच उद्देश्य रहेको छ : (क) अन्तर सरकारी समन्वय र पारस्पारिक सहयोगलाई प्रभावकारी बनाउनु, (ख) तुलनात्मक लाभका क्षेत्रमा लगानी बढाउदै कृषिको व्यवसायीकरण, बजारीकरण र विविधिकरण गरी प्रदेशमा समृद्धिको आधार तयार गर्नु, (ग) उपलब्ध साधनस्रोतको अधिकतम परिचालन गर्दै नागरिकको जीवनस्तरमा सुधार ल्याउनु, (घ) सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु, र (ङ) सन्तुलित र आत्मनर्निभर अर्थतन्त्र निर्माणका लागि प्रदेश भित्र वित्तीय स्रोतका नयाँ क्षेत्र पहिचान गर्दै दिगो आय स्रोतको आधार तयार गर्नु रहेको छ ।

बजेटका उपरोक्त उद्धेश्य हासिल गर्न प्रदेश सरकारले रु. ३५ अर्ब ९० करोड को अनुमानित बजेट पेश गरेको छ । यो रकम गत वर्षको विनियोजन भन्दा १९.५ प्रतिशतले बढी र संशोधित अनुमान भन्दा ५९.४ प्रतिशतले बढी रहेको छ । यसमध्ये चालुतर्फ रु. १३ अर्ब २६ करोड, पुँजीगत तर्फ रु. २२ अर्ब १४ करोड र वित्तिय व्यवस्था तर्फ रु ५० करोड रहेको छ ।

गण्डकी प्रदेश सरकारले आ.व. २०७९/८० मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी कुल राजश्व रु. १४ अर्ब ३२ करोड हुने अनुमान गरेको छ जुन गत आर्थिक वर्षको तुलनामा १०.९ प्रतिशतले बढी हो ।

**बक्स ४ : आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेश सरकारको बजेटका प्राथमिकता**

(क) उत्पादन र उत्पादकत्व अभिवृद्धि
(ख) पर्यटन प्रवद्धन, औद्योगिक विकास र रोजगारी
(ग) स्वच्छ खानेपानी र नवीकरणीय उर्जा
(घ) शिक्षा र सामाजिक विकास
(ङ) स्वास्थ्य सेवाको सुदृढीकरण
(च) पर्यावरणीय संरक्षण
(छ) पूर्वाधार विकास
(ज) सार्वजनिक सेवा प्रवाह र सुशासन प्रर्वद्धन ।

*स्रोत : आ.व.२०७९/८० को बजेट वक्तव्य, गण्डकी प्रदेश ।*

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपूरक गरी कुल रु.१६ अर्ब ५२ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेको छ जुन गत आर्थिक वर्षको तुलनामा २६.८ प्रतिशतले बढी हो ।

आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपूरक गरी कुल रु.१३ अर्ब ३ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०७९ असार मसान्तसम्म कुल रु.१३ अर्ब ८७ करोड अनुदान प्राप्त गरेको छ ।

### ७.१.३ गण्डकी प्रदेश सरकारको वित्तीय हस्तान्तरण

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा रु. २ अर्ब ११ करोड २० लाख स्थानीय तहहरुलाई वित्तीय हस्तान्तरण गरेको छ ।

**तालिका ७.२ : गण्डकी प्रदेश सरकारको वित्तीय हस्तान्तरण**

| वित्तीय हस्तान्तरण | रकम (रु. लाखमा) |
|---|---|
| समानीकरण अनुदान | ११,६०० |
| सशर्त अनुदान | १,८१० |
| विशेष अनुदान | २,६३० |
| समपूरक अनुदान | ५,०७० |
| अन्य अनुदान | १० |
| **जम्मा** | **२१,१२०** |

*स्रोत : आ.व. २०७९/८० को बजेट वक्तव्य, गण्डकी प्रदेश ।*

## ७.२ स्थानीय तहको बजेट तथा कार्यक्रम

गण्डकी प्रदेशमा गाउँपालिका, नगरपालिका र महानगरपालिका गरी जम्मा ८५ पालिकाहरु रहेका छन । आ.व. २०७७/७८ मा गण्डकी प्रदेशका स्थानीय तहहरुले कुल रु. ५५ अर्ब ४ करोड बजेट विनियोजन गरेकोमा ७४.८१ प्रतिशत खर्च गरेका छन् । जसमध्ये चालु खर्च विनियोजनको ८२.७ प्रतिशत र पूँजीगत खर्च ६३.८ प्रतिशत रहेको छ । प्रदेशको एक मात्र महानगरपालिका पोखरा महानगरपालिकाले आ.व. २०७८/७९ मा रु.६ अर्ब ४१ करोड १० लाख बजेट विनियोजन गरेकोमा आ.व. २०७९/८० को लागि रु.८ अर्ब ७७ करोड ७५ लाख विनियोजन गरेको छ । जुन अघिल्लो बजेटको तुलनामा ३६.९ प्रतिशतले बढी हो ।

## ७.३ व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम

गण्डकी प्रदेश सरकारले प्रदेशको महत्वपूर्ण कार्यक्रमको रुपमा “व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम” सञ्चालनमा ल्याएको छ । कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका उद्यम तथा व्यवसायको जीवन रक्षा गर्न निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ जारी गरी उक्त कार्यक्रम ल्याइएको हो । नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय मार्फत सञ्चालनमा ल्याइएको उक्त कर्जा कार्यक्रममा १८ वाणिज्य बैंक र ४ विकास बैंकहरु संलग्न रहेका छन् । यस कर्जा कार्यक्रमको अवधि ३ वर्ष अर्थात २०८१ पुष मसान्तसम्म रहेको छ भने २०७९ बैशाख मसान्त पश्चात यस कर्जा कार्यक्रम अन्तर्गत थप कर्जा प्रवाह गर्ने कार्य बन्द गरिएको छ ।

उक्त कर्जाहरुमा बैंकहरुले अघिल्लो त्रयमासमा प्रकाशित औषत आधार दरमा अधिकतम ३ प्रतिशतसम्म प्रिमियम थप गरी व्याजदर कायम गर्नुपर्ने र यस्तो व्याज गण्डकी प्रदेश

सरकारले त्रैमासिक रुपमा नेपाल राष्ट्र बैंक मार्फत शोधभर्ना उपलब्ध गराउने व्यवस्था रहेको छ । कार्यविधि बमोजिम बैंकहरुले लक्षित व्यक्ति/समुह/फर्म/कम्पनीलाई शुन्य व्याजदरमा प्रदान गर्ने कर्जाको सीमा र भुक्तानी अवधि देहाय बमोजिम रहेको छ ।

**तालिका ७.३ : कर्जाको सीमा र भुक्तानी अवधि**

| क.सं | कर्जाको शिर्षक र क्षेत्र | न्युनतम कर्जा रकम | अधिकतम कर्जा रकम | अवधि |
|---|---|---|---|---|
| १. | लघु घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | रु.१ लाख | रु.१५ लाखसम्म | ३ वर्ष |
| २. | साना पर्यटन व्यवसाय कर्जा | रु.१ लाख | रु.१५ लाखसम्म | ३ वर्ष |
| ३. | साना यातायात व्यवसाय कर्जा | रु.५० हजार | रु.१० लाखसम्म | ३ वर्ष |
| ४. | साना सेवा व्यवसाय कर्जा | रु.५० हजार | रु.१० लाखसम्म | ३ वर्ष |

*स्रोत: व्यवसाय जीवन रक्षा कार्यविधि, २०७७।*

२०७९ असार मसान्तसम्म उक्त कार्यविधि अन्तर्गत रु. १ अर्ब ८० करोड ३० लाख ७३ हजार कर्जा प्रवाह भई रु. १ अर्ब ३७ करोड ८७ लाख २५ हजार बक्यौता रहेको छ ।

**तलिका ७.४ : आ.व. २०७८/७९ असार मसान्तसम्मको क्षेत्रगत कर्जा प्रवाह**

| क.सं. | कर्जा शिर्षक | क्षेत्रगत कर्जा प्रवाह रकम (रु. हजारमा) | बक्यौता रकम (रु. हजारमा) | क्षेत्रगत कर्जा प्रवाह बक्यौता (प्रतिशतमा) |
|---|---|---|---|---|
| १. | लघु घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | ६,४९,५८५.० | ४,९४,८३६.० | ३५.९ |
| २. | साना पर्यटन व्यवसाय कर्जा | ८,०६,१२५.० | ६,२०,३५५.० | ४५.० |
| ३. | साना यातायात व्यवसाय कर्जा | ९५,०३३.७ | ७२,८५३.४ | ५.३ |
| ४. | साना सेवा व्यवसाय कर्जा | २,५२,३३०.० | १,९०,६८१.४ | १३.८ |
| जम्मा | | १८,०३,०७३.७ | १३,७८,७२५.८ | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय ।*

# परिच्छेद ८

# आर्थिक परिदृश्य

यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि, उद्योग तथा सेवा क्षेत्रबाट तथ्याङ्क प्रदायक व्यक्ति तथा संस्थाहरुसँग गरिएको प्रश्नावली, सर्वेक्षण छलफल तथा अन्तरक्रियाका आधारमा आर्थिक वर्ष २०७९/८० मा कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको परिदृश्य प्रस्तुत गरिएको छ ।

## ८.१ समग्र आर्थिक परिदृश्य

सन् २०२१ को तुलनामा सन् २०२२ मा विश्व अर्थतन्त्रको विस्तार केही न्यून हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ । नेपालमा हालै प्रदेश र संघको निर्वाचन पश्चात नयाँ सरकार बन्ने क्रममा रहेकाले सरकार निर्माण पश्चात विकास निर्माण कार्यले तिव्रता पाउने अपेक्षा रहेको छ । सो अनुसार आर्थिक क्रियाकलापमा तिव्रता आउने देखिएको छ । तर पेट्रोलियम पदार्थको मूल्य वृद्धि, रुस-युक्रेन युद्धले आपूर्ति व्यवस्थामा पारेको असर र कोभिड संक्रमण न्यूनीकरणसंगै समष्टिगत माग बढिरहेको सन्दर्भमा मूल्यमा चाप देखिएको छ ।

गण्डकी प्रदेशमा विगत दुई वर्षदेखि कोरोना महामारीको असर न्यूनीकरण गर्न अवलम्बन गरिएका विभिन्न प्रकारका राहत र सहुलियत लगायतका आर्थिक पुनरुत्थान कार्यक्रम र नीतिगत सहजीकरणका कारण कृषि, उद्योग तथा सेवा क्षेत्र लगायत समग्र आर्थिक परिदृश्य सुधारोन्मुख हुने देखिएको छ ।

## ८.२ कृषि उत्पादन

गण्डकी प्रदेशमा कृषिमा सहुलियतपूर्ण कर्जा बढ्दै गएको, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रभावकारी हुदै गएको र ठूला कृषि फर्महरु स्थापना हुने क्रम पनि बढेकाले युवाहरु व्यवसायिक खेतीतर्फ आकर्षित हुन थालेको देखिन्छ । चालु आर्थिक वर्षमा मौसम प्रतिकुल नहुने र कृषकहरुले मल बिउ समयमा प्राप्त गर्ने अनुमानको अधारमा खाद्यान्य बाहेकका अन्य कृषि उत्पादन थप सकारात्मक हुने देखिएको छ ।

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरुले बजेट मार्फत पशुपालन गर्ने कृषकहरुलाई अनुदान बढाएको, गोठ सुधार कार्यक्रम, नश्ल सुधार कार्यक्रमहरु जस्ता विविध कार्यक्रम सञ्चालन गरेकाले दुग्धजन्य उत्पादन बढ्ने प्रक्षेपण रहेको छ ।
- गण्डकी प्रदेशमा समग्र कृषि उत्पादन सकारात्मक हुने देखिएतापनि रासायनिक मल को अभाव तथा अनियमित वर्षाका कारण धान उत्पादन करिब १.६ प्रतिशतले ह्रास आउने प्रक्षेपण छ । अमेरिकन फौजी किराको आक्रमण तथा बाँदरका कारण मकै, गहुँ तथा कोदोमा उत्पादनमा पनि ह्रास आउने प्रक्षेपण रहेको छ ।
- बढ्दो बेमौसमी तरकारी खेती, प्लाष्टिक घरको विस्तार, मल, सिंचाई तथा उन्नत जातका बिउको सहज उपलब्धता साथै गैरसरकारी संस्थाहरुद्वारा समेत कृषकहरुलाई

तालिम, सचेतना र प्रोत्साहन गर्दै आएको कारण तरकारीको उत्पादन उल्लेख्य बढ्ने (५ प्रतिशतसम्म) प्रक्षेपण छ ।

- फलफूल खेतीतर्फ बगैंचा सुदृढीकरण र क्षेत्रफल विस्तार भएको, मनाङ र मुस्ताङ्ग जिल्लामा स्याउका लागि अनुकूल मौसम रहेको, कृषि तथा पशुपंछी कर्जामा व्याज अनुदान आदिका कारण फलफूल उत्पादनमा सामान्य विस्तार (२-३ प्रतिशत) हुने प्रक्षेपण गरिएको छ ।
- अध्ययन क्षेत्र अन्तर्गतका जिल्लाका भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरुबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार दुधको उत्पादनमा १.७ प्रतिशत, मासु तथा अण्डाको उत्पादन १.४ प्रतिशतको हाराहारीमा वृद्धि हुने प्रक्षेपण रहेको छ ।
- जिल्ला वन कार्यालयहरुबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०७९/८० मा काठ तथा दाउराको उत्पादनमा ८.५ प्रतिशतले र जडिबुटीको उत्पादनमा ४.३ प्रतिशतले ह्रास आउने प्रक्षेपण गरिएको छ । प्राकृतिक विपत्ति (बाढी, पहिरो लगायत) ले गर्दा वनको ग्रोइङ स्टकमा ह्रास हुने र औषधी जन्य वस्तुको बजार मागमा कमी हुने लगायतका कारणले गर्दा वनजन्य उत्पादनमा कमी हुने देखिएको हो ।

## ८.३ औद्योगिक उत्पादन

कोरोना महामारीको प्रकोप क्रमशः समाधान हुँदै गण्डकी प्रदेशमा उद्योगहरुको क्षमता उपयोग गत वर्षको तुलनामा बढ्दै गएको तथा राज्यले युवालाई उद्यमशील बन्न प्रोत्साहित गरेका कारण आर्थिक वर्ष २०७९/८० मा औद्योगिक उत्पादनको परिदृश्य सकारात्मक देखिएको छ ।

- यस क्षेत्रमा रहेका सिमेन्ट उद्योगको नियमित रुपमा सञ्चालन हुने देखिएकाले सिमेन्ट उत्पादन उल्लेख्य (उत्पादन दोब्बर हुने) वृद्धि हुने प्रक्षेपण छ ।
- यस क्षेत्रमा रहेको टाइम फर्मास्युटिकल्स प्राइभेट लिमिटेडले उत्पादन गर्ने औषधीको माग बजारमा बढ्दै गएकोले औषधीको उत्पादन ८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।
- गण्डकी प्रदेशमा उत्पादन हुने चाउचाउ र बिस्कुटको बजार प्रतिस्पर्धा बढ्दै गएको, पछिल्लो समय एकातर्फ त्यस्ता तयारी वस्तुको आयात उल्लेख्य बढेको र अर्कोतर्फ आयातित कच्चा पदार्थको मूल्यमा समेत चाप पर्दै गएकाले उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता कम हुदै गएको छ ।
- चालु आर्थिक वर्ष गण्डकी प्रदेशमा चाउचाउ र बिस्कुट उत्पादनमा करिब २ प्रतिशतले ह्रास आउने प्रक्षेपण गरिएको छ ।
- दुध, तेल र चुरोटको उत्पादन यथास्थितिमा रहने प्रक्षेपण छ ।

- पेय समूह अन्तर्गत यस क्षेत्रमा रहेको वियरको उत्पादन यथास्थितिमा रहने प्रक्षेपण रहेको छ ।

## ८.४ सेवा क्षेत्र

चालु आर्थिक वर्ष गण्डकी प्रदेशमा सेवा क्षेत्रको विस्तार सन्तोषजनक हुने प्रक्षेपण रहेको छ ।

- कोभिड-१९ संक्रमण क्रमशः समान्य हुँदै गएको, कोरोना विरुद्धको खोप आवश्यकता अनुसार उपलब्ध भइरहेको, कोरोनाले उच्च प्रभावित यातायात, होटल र अन्य पर्यटन क्षेत्र समेत पुनरुत्थान हुँदै गएको र आन्तरिक तथा बाह्य पर्यटक बढ्दै गएकाले पर्यटन व्यवसायको परिदृश्य उत्साहजनक देखिएको छ ।
- नेपाल सरकारले लागु गरेको नयाँ भू-उपयोग नीति अनुसार जग्गाको वर्गीकरण गरेपश्चात् मात्र कित्ताकाट हुने प्रावधान रहेकाले घरजग्गा कारोवार र यसबाट प्राप्त हुने राजश्व घट्ने परिदृश्य देखिएको छ ।
- चालु आर्थिक वर्ष पर्यटन व्यवसाय फस्टाउन थालेकाले विदेशी पर्यटकबाट विदेशी मुद्रा प्राप्ति बढ्ने देखिएको छ ।
- गण्डकी प्रदेशमा कर्जाको माग बढिरहेको सन्दर्भमा निक्षेपको विस्तारसँगै कर्जा प्रवाहमा पनि विस्तार हुने देखिएको छ ।

## ८.५ पूर्वाधार क्षेत्र

चालु आर्थिक वर्ष पूर्वाधार क्षेत्रको विस्तार अपेक्षित रुपमा सन्तोषजनक हुने देखिएको छ ।

- चालु आर्थिक वर्ष यो प्रदेशमा मध्य-पहाडी लोकमार्ग लगायत राष्ट्रिय गौरवका ५ आयोजना र प्रदेश गौरवका ५ आयोजनाहरुको निर्माण कार्यमा तिव्रता आउने अपेक्षा रहेको छ । यसबाट रोजगारीमा समेत सकारात्मक प्रभाव रहने परिदृश्य देखिएको छ ।
- आगामी जनवरी १, २०२३ देखि पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउने तयारी रहेकाले जहाज अवतरणलाई सहज बनाउन रिठ्ठेपानीको डाँडो कटान कार्य तिब्रताका साथ अघि बढेको छ ।
- गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माण कार्य तथा अन्य आयोजनाहरुमध्ये विभिन्न आयोजनाहरुको निर्माण कार्य सम्पन्न भएको र केही आयोजनाहरु चालु आर्थिक वर्षमा सम्पन्न हुने अनुमान गरिएको तथा नयाँ आयोजनाहरुको निर्माण कार्य समेत प्रारम्भ नभएको अवस्थामा पूर्वाधार आयोजना मार्फत सिर्जना भएको रोजगारीमा केही दवाब पर्न सक्ने देखिन्छ ।